# शूर्पणखा खण्डकाव्यको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

शोधार्थी
इन्दिरा चापागाई
शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि. दर्ता नं. १९७९५५-९३

नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन
२०७३/२०१६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा इन्दिरा चापागाईले **शूर्पणखा खण्डकाव्यको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७३/०५/०६

**प्रा.डा. होमनाथ सापकोटा**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**शूर्पणखा खण्डकाव्यको अध्ययन** शीर्षकमा आधारित प्रस्तुत शोधकार्य आदरणीय गुरु प्रा.डा. होमनाथ सापकोटाको निर्देशनमा तयार पारेकी हुँ । अत्यन्तै व्यस्ततामा पनि आफ्नो अमूल्य समय प्रदान गरेर स्नेहपूर्वक निर्देशन दिनुहुने वहाँप्रति म सर्वप्रथम श्रद्धापूर्वक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्यका निम्ति मैले प्रस्तुत गरेको शोधप्रस्ताव स्वीकृत गरेर शोधकार्य गर्न महत्वपूर्ण अवसर प्रदान गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्प, नेपाली विभागका पूर्व विभागीय प्रमुख एवं आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति म हार्दिक आभार प्रकट गर्दछु । साथै नेपाली विभागका सम्पूर्ण गुरुहरुप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा सहयोग पुऱ्याउनु हुने **शूर्पणखा** खण्डकाव्यका रचनाकार गोविन्दराज विनोदीप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । शोधप्रस्ताव लेखनदेखि नै चासो देखाई हौसला दिने र शोधकार्य सम्पन्न गर्न समेत बारम्बार घच्घच्याई उत्साह र प्रेरणा प्रदान गर्ने मेरा अनन्य मित्र रमा अधिकारी, बहिनीहरु, छोरा भुवन र छोरी गजललाई धन्यवाद दिन चाहन्छु ।

अनेक व्यावहारिक झमेलाका बाबजुद पनि मलाई क्याम्पस तहसम्म पुऱ्याउन भूमिका, स्नेह र आशीर्वाद प्रदान गर्नुहुने आमा लालुकुमारी चापागाई र बुबा कृष्णप्रसाद चापागाईका साथै ससुरा स्व. मायानाथ दवाडी र सासू स्व. चेतकुमारी दवाडीप्रति हार्दिकताका साथ आभार प्रकट गर्नु आफ्नो परम कर्तव्य ठान्दछु ।

घरायसी व्यावहारिक बोझलाई आफ्नै शिरमा थापेर प्रस्तुत शोधकार्य सम्पन्न गर्न महत्त्वपूर्ण सहयोग र भूमिका निर्वाह गर्नुहुने मेरा पति लक्ष्मीप्रसाद दवाडीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७३/०५/०६

............................

**इन्दिरा चापागाई**

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधकार्यका उद्देश्यहरू | २ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ शोधकार्यको महत्त्व, औचित्य र उपयोगिता | ६ |
| १.६ शोधको क्षेत्र र सीमा | ७ |
| १.७ सामग्री सङ्कलन विधि | ७ |
| १.८ शोध विधि | ७ |
| १.९ शोधपत्रको रूपरेखा | ७ |


**परिच्छेद : दुई**

**खण्डकाव्यको सैद्धान्तिक स्वरूप**


| | |
|---|---|
| २.१ विषय प्रवेश | ९ |
| २.२ खण्डकाव्य सम्बन्धी पूर्वीय र पश्चिमी मान्यता | ९ |
| २.३ खण्डकाव्यको परिभाषा | १० |
| २.४ खण्डकाव्यका तत्त्वहरू | ११ |
| २.४.१ कथावस्तु | १२ |
| २.४.२ पात्र वा चरित्र | १२ |
| २.४.३ देशकाल वातावरण/परिवेश | १२ |
| २.४.४ छन्द वा लय विधान | १३ |
| २.४.५ सर्ग संरचना | १३ |
| २.४.६ भाषाशैली | १३ |
| २.४.८ कथन पद्धति | १४ |
| २.४.७ जीवन दृष्टि | १४ |

२.४.९ द्वन्द्व १४
२.४.१० रसभाव १४
२.४.११ अलङ्कार विधान १५
२.५. खण्डकाव्यको वर्गीकरण १५
२.६ निष्कर्ष १६

**परिच्छेद : तीन**

**नेपाली खण्डकाव्यको विकासक्रम र खण्डकाव्यकार गोविन्दराज विनोदीको आगमन**

३.१ विषय प्रवेश १७
३.२ प्राथमिक काल वि.सं. १८७२ देखि १९४० १७
३.३ माध्यमिक काल (वि.सं. १०७२ देखि १९७३) १८
३.४ आधुनिक काल (वि.सं. १९७२ देखि हालसम्म) १८
३.४.१ पहिलो मोड : परिष्कारवादी धारा १८
३.४.२ दोस्रो मोड (स्वच्छन्दतावादी/प्रगतिवादी धारा) १९
३.४.३ तेस्रो मोड : प्रयोगवादी धारा १९
३.४.४ चौथो मोड : समसामयिक धारा २०
३.५ नेपाली कवितामा गोविन्दराज विनोदीको आगमन २०
३.६ गोविन्दराज विदोनीको कविता यात्रा र चरण विभाजन २२
३.६.१ गोविन्दराज विनोदीको कविता यात्रापूर्वार्ध चरण २२
३.६.२ गोविन्दराज विनोदीको कविता यात्रा : उत्तरार्ध चरण (२०४८ देखि हालसम्म) २३
३.७ खण्डकाव्यकार गोविन्दराज विनोदी २३
३.८ छन्द वा लयगत प्रवृत्ति २४
३.९ निष्कर्ष २४

**परिच्छेद : चार**

**शूर्पणखा खण्डकाव्यको अध्ययन**

४.१ शूर्पणखा खण्डकाव्य २६
४.२ संरचना २६
४.३ कथासार २८

४.४ कथानक २९
४.५ चरित्र चित्रण ३३
४.५.१ शूर्पणखा ३४
४.५.२ रावण ३५
४.५.३ आमा ३६
४.५.४ राम ३६
४.५.५ सीता ३६
४.५.६ पति ३७
४.५.७ युवक ३७
४.५.८ लक्ष्मण ३७
४.६ परिवेश चित्रण ३८
४.७ उद्देश्य ३९
४.८ कथन पद्धति ४०
४.९ द्वन्द्व विधान ४२
४.१० भाषाशैली ४३
४.११ लय विधान ४४
४.१२ शीर्षकीकरण ४४
४.१३ रसाभाव ४५
४.१३.१ शृङ्गार रस ४५
४.१३.२ करुण रस ४६
४.१३.३ हास्य रस ४६
४.१३.४ वीर रस ४७
४.१३.५ शान्त रस ४७
४.१३.६ रौद्र रस ४७
४.१४ अलङ्कार विधान ४८
४.१४.१ शब्दालङ्कार ४८
४.१४.१.१ श्रुत्यनुप्रास ४८
४.१४.१.२ वृत्यनुप्रास ४९
४.१४.१.३ अन्त्यनुप्रास ४९

४.१४.१.४ छेकानुप्रास ४९
४.१४.२ अर्थालङ्कार ५०
४.१४.२.१ उपमा अलङ्कार ५०
४.१४.२.२ रूपक ५०
४.१४.२.३ उत्प्रेक्षा ५१
४.१४.३.४ स्वभावोक्ति ५१
४.१४.२.५ दृष्टान्त ५१
४.१४.२.६ सङ्कर ५१
४.१४.२.७ अर्थान्तर न्यास ५२
४.१५ वस्तुविश्लेषण ५२
४.१५.१ बाल्य वयको सम्झना ५२
४.१५.२ प्रणय दर्शन ५३
४.१५.३ यौनजन्य मनोभावना ५३
४.१५.४ नारीशक्तिप्रतिको आस्था ५३
४.१५.५ यौन मनोविश्लेषण ५४
४.१५.६ सिर्जनाशक्तिका रूप नारी ५४
४.१५.७ प्रकृति चित्रण ५५
४.१५.८ मानवतावाद ५५
४.१५.९ यौन चेतना ५६
४.१५.१० निष्कर्ष ५७

**परिच्छेद : पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ सारसङ्क्षेप ५८
५.२ मूल्याङ्कन र निष्कर्ष ६१

**सन्दर्भ सामग्री सूची** ६४

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

कवि गोविन्दराज विनोदी नेपाली साहित्य क्षेत्रका बहुआयामिक छन्दवादी कवि हुन् । उनले नेपालको मध्य क्षेत्र चितवन र नवलपरासीका सामीप्यमा रहँदै बढी मात्रामा कविता काव्यकृतिहरू रचना गरेका छन् । उनी स्वच्छन्दतावादी, परिष्कारवादी र भावुक स्वभावका कवि हुन् साथै उनले सामाजिक यथार्थका पक्षमा पनि सशक्त कलम चलाएका छन् ।

भूमिका लेखनका सन्दर्भमा यिनका समीक्षात्मक लेखहरू पनि प्रकाशित छन् । यिनका **मेरो वर्तमानता** (कवितासङ्ग्रह २०४७), **निर्मम निर्मम घडीहरू** (गजलसङ्ग्रह २०५६), **आँखाका नानी** (बाल कवितासङ्ग्रह २०५७), **छन्द विनोद** (प्रबन्ध काव्य २०५९), **अविश्रान्त** (कवितासङ्ग्रह २०५९), **नानीका गीत**(बाल कवितासङ्ग्रह २०७०), **हिम स्पर्श** (कवितासङ्ग्रह २०६६), **अनुपमा धर्ती** (काव्य २०६६), **सृष्टि माथिका दृष्टि** (भूमिकासङ्ग्रह २०६५) र **शूर्पणखा** खण्डकाव्य (२०७१) प्रकाशित छन् ।

गोविन्दराज विनोदी अनुसन्धेय व्यक्तित्व हुन् । यिनको जीवनी, व्यक्तित्व र कृतित्व (२०६०) का सम्बन्धमा तथा यिनका **अविश्रान्त** (कवितासङ्ग्रह-२०५९), **हिमस्पर्श** (कवितासङ्ग्रह-२०६६), **अनुपमा धर्ती** (काव्य-२०६६) र बालकविताहरूमा अनुसन्धान कार्य सम्पन्न भइसकेका छन् । यिनको **शूर्पणखा** (खण्डकाव्य-२०७१) मा भने शोधकार्य हुन बाँकी नै छ । प्रस्तुत शोधकार्यमा कवि विनोदीको **शूर्पणखा** खण्डकाव्यको कृतिपरक अध्ययनलाई अनुसन्धानको विषय बनाइएको छ ।

कवि विनोदीका प्रकाशित अन्य कृतिहरूबारे अध्ययन अनुसन्धान गरिएको पाइए तापनि यस **शूर्पणखा** कृतिबारे अध्यावधि अनुसन्धानमूलक अध्ययन भएको छैन । यसैले प्रस्तुत शोध कार्यका लागि **शूर्पणखा खण्डकाव्यको अध्ययन** नामक शीर्षक चयन गरिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधकार्यका लागि गोविन्दराज विनोदीको **शूर्पणखा खण्डकाव्यको अध्ययन** शीर्षक प्रमुख शोध समस्या हो । यसमा रहेका महत्त्वपूर्ण समस्यालाई बुँदाका रूपमा यसरी उल्लेख गरिएको छ :

क) नेपाली खण्डकाव्यको विकासक्रममा गोविन्दराज विनोदीको आगमन केकस्तो देखिन्छ ?

ख) खण्डकाव्यको सैद्धान्तिक स्वरूप के कस्तो रहेको छ ?

ग) **शूर्पणखा** खण्डकाव्यको कृतिपरक अध्ययन के कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूका समाधानतर्फ यो शोध कार्य उन्मुख रहेको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

उल्लिखित शोध समस्या अनुसार प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) कवि गोविन्दराज विनोदीको काव्ययात्राको निरूपण गर्नु,

ख) खण्डकाव्यको सैद्धान्तिक स्वरूप पहिचान गर्नु,

ग) **शूर्पणखा** खण्डकाव्यको कृतिपरक अध्ययन गर्नु,

यिनै उद्देश्यहरूमा केन्द्रित भई यो शोध कार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

यहाँ **शूर्पणखा** खण्डकाव्यका सम्बन्धमा भए गरेका पूर्वकार्यको कालक्रमिक विवरण प्रस्तुत छ :

नारायणप्रसाद खनालले **शूर्पणखा** खण्डकाव्यको *प्रकाशकीय मन्तव्य* लेखमा त्रेताको राम युगमा नाक, कान गुमाएपछि बल्ल आज कलिको विनोदी युगमा आएर पुनर्जीवन प्राप्त गरेकी भनी बताएका छन् । उसभित्र निक्षिप्त मानव अधिकारको सुषुप्त भाव जागृत भएको अनुभूति हुँदैछ भन्ने कुरा उल्लेख गरेका छन् । त्यस्तै कवि कवित्व यति खेर **शूर्पणखा** जस्ती एउटी वीराङ्गाना माथि केन्द्रित भएर काव्यमय बनेको बताएका छन् । त्यस्तै उनले राम आज्ञाले यौटी पतिकामना गर्दै गरेकी कामुक नारीका नाक कान काट्ने अयोध्याको क्रूर शासकको नमुना हो, यो काव्य जसभित्र शूर्पणखा नारी मनोविश्लेषण गर्ने एक रामायणी

पात्रलाई विषयवस्तु बनाइएको मनोहर काव्यले काव्यकारको कवित्व उचालिएको प्रतीत भएको उल्लेख गरेका छन् । त्यस्तै सानै आकारमा रचिएपनि यसले उठाएको नारी वेदना, नारी अधिकारकर्मी र यसका उपभोक्ताले चाहेकै मध्ये भनी बताएका छन् । उनका कविता काव्यले पाठकका मनमा अवश्य पनि आनन्दका कमल पुष्पहरू विकसित गर्नेछ भन्दै आफ्ना विचार राखेका छन् । साथै प्राचीनताको जगतमा तयार भएको एक नवीनतम–काव्यास्वाद गराउने छ भनी व्यक्त गरेका छन् (खनाल : २०७१, ग–ङ) ।

निर्मोही व्यासले **शूर्पणखा** खण्डकाव्यमा *उत्कृष्ट काव्य कृति* शीर्षकको लेखमा संस्कृत साहित्यको आदिकाव्य वाल्मीकीय **रामायण**लाई उपजीव्यका रूपमा वर्णन गरेर विविध रुचि प्रसङ्ग र पात्रहरूलाई टिपी सुन्दर ढङ्गले प्रकाशन गरेको यस महनीय शृङ्खलामा नेपाली साहित्यमा पनि स्वनामधन्य काव्य पुरुष भानुभक्त र देवकोटाकै सूचिमा विनोदी पनि थपिनुभएको पनि कुरा व्यक्त गरेका छन् । त्यस्तै यसमा सीता हरण, लङ्का काण्ड र रावणको वंशको समूल उच्छेदन जस्तो रामायणका महत्त्वपूर्ण अनेक प्रसङ्गको वीजतत्त्व र खल पात्रका रूपमा यत्रतत्र चर्चा गरिएकी रावण भगिनी शूर्पणखालाई नायिका नै बनाएको बताएका छन् । त्यस्तै उनका दमित यौन मनोविज्ञानलाई विषय बनाई नेपाली साहित्यकारले काव्यमा काव्य वा आख्यान ग्रन्थ लेखन अन्य साहित्यमा नपाएको सन्दर्भ जोड्दै यो आँट स्वयम् महनीय भएको भनी आफ्ना धारणा व्यक्त गरेका छन् । उनले यस काव्यमा एकातिर प्राकृत आवश्यकताको परिपूर्तिबाट बञ्चित भई जैविक दृष्टिले नितान्त दमित कुण्ठित हुनाका कारणले यसको शमनका लागि सामाजिक मर्यादाको उल्लङ्घनतर्फ अदम्य साहसका साथ अग्रसर तुल्याइएकी काव्य नायिका 'शूर्पणखा'प्रति सहानुभूतिशील भई उनको मनोविज्ञानलाई साझा रूपमा कलात्मकताका साथ अभिव्यक्त गरेर मानवीय संवेदना अझ नारी संवेदनालाई सम्मानित तुल्याइएको बताएका छन् भने अर्का तिर सर्वथा निष्पाप र निर्दोष सती साध्वी सीता उपर श्रद्धा गर्दै नारीको उदात्त चरित्रका पक्षमा काव्यिक निष्कर्ष प्रस्तुत गरी परम्परित आदर्शको पालना गरिएको छ भनी आफ्ना विचार प्रस्तुत गरेका छन् (व्यास, २०७१ : च–ञ) ।

लक्ष्मणप्रसाद गौतमले *मिथकीय काव्य परम्पराको जीवन्त काव्य : 'शूर्पणखा'* शीर्षकको भूमिकात्मक लेखमा उत्तरवर्ती नेपाली काव्य परम्परामा प्रतिनिधि मूलक र मानक कृति लेखनीलाई समेट्दै पूर्ववर्ती काव्यभन्दा पृथक् परिचय लिएर उपस्थित हुन सक्नु यस काव्यको निजत्व र पहिचान हो भनी बताएका छन् । उनले पौराणिक मिथक अनुसार

शूर्पणखा प्रतिकूल चरित्रकी पात्र हुन् र रामायणमा उनको भूमिका पनि प्रतिसहनायिकाका रूपमा छ भन्दै रामायणमा रामलाई अनुकूल चरित्र र रावणलाई प्रतिकूल चरित्रका रूपमा मानिएको छ र रावणकी बहिनी शूर्पणखा पनि प्रतिकूल चरित्रका रूपमा देखिनु स्वाभाविक मानिने कुरा हो भनी उल्लेख गरेका छन् । त्यस्तै पूर्वीय मिथकमा नकारात्मक रूपमा बाह्य आन्तरिक चरित्रको सूक्ष्म निरीक्षण गर्दै त्यसैका आधारमा काव्य रचना कौशल कलाकारिता हो भन्दै यस काव्यमा आएका उपर्युक्त सन्दर्भहरू काव्यका अन्तर्वस्तु पनि हुन्, काव्यको समाख्यान पनि हो भनेका छन् । यस काव्यमा पूर्वीय मिथक अनुसार नकारात्मक मानिएकी 'शूर्पणखा' पात्रमा पनि प्रेम, संवेदना, हार्दिकता, आत्मीयता, राग–अनुराग आदि अनौठा संवेदित पक्षहरू छन् भन्दै शूर्पणखाका बहुविध चरित्रहरूको प्रत्यकाङ्कनका दृष्टिले यो काव्य शक्तिशाली छ र यस काव्यमा 'शूर्पणखा'को चरित्र विधानमा कवि निकै सचेत देखिएको कुरा पनि उल्लेख गरेका छन् । साथै काव्यकी नायिका 'शूर्पणखा'को चरित्रलाई उदात्तता प्रदान गर्दा सीताको चरित्र तिरोहित हुने र पूर्वीय मिथकमा आदर्श ठानिएकी सीताको चरित्रलाई बढी प्रवेश गराउन खोज्दा काव्यकी नायिकाको चरित्र पूर्णतया तिरोहित हुने स्थितिबाट बच्न कविले शूर्पणखाको चरित्रलाई पूर्णतया मनोविश्लेषणात्मक बनाएर प्रस्तुत गरेकाले यो काव्यकारको विशिष्टता हो भन्ने कुरा बताएका छन् (गौतम, २०७१ : ङ–त) ।

लीला ढुङ्गाना अधिकारीले *शूर्पणखाको पुनर्जन्म* शीर्षकको लेखमा **रामायण**मा अपहेलित खलपात्रलाई प्रमुख पात्र बनाई सिर्जनशील हृदयको मायाले लेपन लगाई फरक रूप दिइएको छ भनी बताएकी छन् । उनले साहित्यकारको हातमा इतिहास बदल्न सक्ने क्षमता हुने रहेछ र कविले त्रेतायुगकी घृणित पात्रलाई वर्तमानमा स्थापित गर्ने साहस गरेको पाइन्छ शूर्पणखाप्रति दयालु कवि सीताप्रति पनि सचेत पाइन्छन् भनी बताएकी छन् । उनले कुनै कृतिकारले हाम्रो मानसपटलमा रहेको शूर्पणखाको चरित्र हेरफेर गरेको नपाइएको लामो ऐतिहास परम्परा बोकेकी उक्त पात्रलाई एउटा कविको सृजनशील हृदयको मायाले मायाको लेपन लगाइ फरक रूप दिँदा पुरानो मान्यता फेरिएको र मनको राम्रो वा सकारात्मक सोचका साथ कुनै काम गर्दा इतिहास फेरिन सक्ने भन्दै कुनै चिज राम्रो र नराम्रो भन्दा पनि कुन रूपमा हेर्ने भन्ने मान्यता ठूलो रहेछ भनी उल्लेख गरेकी छिन् । त्यस्तै एउटा कविको प्रयासले इतिहास फेरिन सक्ने रहेछ भन्दै कवि विनोदीको सोच र आँटलाई धन्यवाद पनि दिएकी छन् भने यसले कविको काव्यिक उचाइ अझ उचालिएको र नारीहरूका सिमित

कृति पढ्दा नारी भएकोमा गर्वभएको कुरा राख्दै उनले नारीवादी कविले शूर्पणखालाई उच्च स्थान दिएको र चरित्रमा लागेको दाग मेटिएको समेत दाबी गरेकी छिन् (अधिकारी, २०७१ : मुखपत्र अङ्क, ७०–७२) ।

श्यामजी अतिथिले *नारीको सक्कली रूप : शूर्पणखा* शीर्षकको लेखमा खण्डकाव्यको संरचना पुरानो नभई नारी मनोविश्लेषणको मौलिक आधारहरू सूक्ष्म रूपबाट केलाइएको छ भनी बताएका छन् । हरेक नेपाली पाठक **रामायण**को कथावस्तुसँग परिचित छन् भनी उल्लेख गरेका छन् । पूर्वीय दर्शनको धरोहर मानिने **रामायण** ऐतिहासिक काव्य हो, कल्पना होइन भनी भनेका छन् । त्यस्तै त्यस बेलाको परिवेश सामाजिक मर्यादा र मानवीय संवेदनाहरू यसमा वर्णित छन् । लङ्का नरेश रावणकी बहिनी **शूर्पणखा**लाई **रामायण**को खलनायिकाका रूपमा उभ्याइएको कुरा राखेका छन् । यसरी यस खण्डकाव्यको स्वाद चाहि कागतीको रस तर गुणकारी, **रामायण** पढ्दाको शूर्पणखा राक्षसकी वहिनी क्रूर, दुर्मुखा, चरित्रहीन जस्ती लाग्दथ्यो तर, यस खण्डकाव्य पढिसक्दा उसप्रति सहानुभूति जागेर आउने कुरा उल्लेख गरेका छन् । त्यस्तै राजकुलकी कन्या भएर पनि दुःख पाएकी, भाग्यले उसलाई ठगेको यौवनावस्थाले पीडित अपहेलित विधवा शूपर्णखाप्रति काव्यकार सकारात्मक देखिन्छन् भन्दै नारीलाई स्वतन्त्रता दिने र तिनको अधिकारका बारेमा बहस भइरहेको वर्तमान युगमा प्रस्तुत काव्य अत्यन्त सार्न्दभिक रहेको कुरा उल्लेख गरेका छन् (अतिथि, २०७१ : २) ।

कृष्णदेवी शर्मा श्रेष्ठले *कवि गोविन्दराज विनोदी र नारीवाद* शीर्षक लेखमा शूर्पणखा नारीप्रति घृणा र शङ्काको दृष्टि दिने समाजको उत्थान हुदैन चिने फूल र नचिने शूल हुने नारीको परिचय हो भने धारणा व्यक्त गरेकी छन् । त्यस्तै नारी विनाको स्थान आलोक र शोभाविहिन हुन्छ भनी बताएकी छन् । उनले यसमा रस र अंलकारको प्रयोग गरी लेखिएको यो खण्डकाव्यको अध्ययन गरी नारीको महिमा साथै विविध रसको आस्वादन गर्नुहुन नेपाली साहित्यका पाठकहरूमा अनुरोध गर्छु भनी बताएकी छन् । त्यस्तै उनले नारी प्रेम, संवेदना, हार्दिकता, आत्मिता, राग-अनुराग आदिको व्याख्या र विश्लेषणको पूर्ण पुस्तक हो - **शूर्पणखा** खण्डकाव्य भनी आफ्ना धारणा प्रस्तुत गरेका छन् । अध्ययन मनन बिना नै नारीलाई हामीले हेयको दृष्टिले हेर्छौं, यसो गर्नु ठूलो पाप पनि हो भन्ने बताएकी छन् । उनले त्यसैले नारीलाई कुनै पनि हक अधिकारबाट बञ्चित गर्नु आजको युगको माग विपरीत हो भन्ने बिषयवस्तुमाथि प्रकाश पार्नु यो खण्डकाव्यको मूल अभीष्ट हो भनी व्यक्त गरेकी छन् ।

यसरी विभिन्न लेखक अनुसन्धानदाताहरूले कवि गोविन्दराज विनोदीको कवित्व र कृतित्त्वबारे अध्ययन गरिएको भए तापनि **शूर्पणखा**का बारेमा भूमिका, प्रकाशकीय मन्तव्य र केही टिप्पणी बाहेक विशेष अध्ययन भएको छैन । अन्त्यमा यस खण्डकाव्यको प्रकाशनले जनसमक्ष काव्यकारिताको सुखद परिचय दिएको छ । नेपाली काव्यसाहित्यमा रस, अलङ्कार र सौन्दर्यको त्रिवेणी भित्रिएको छ । यस सक्षमतालाई अझ मुखरित गर्नुपर्ने सुझाव स्रष्टालाई दिएको छ ।

## १.५ शोधकार्यको महत्त्व, औचित्य र उपयोगिता

कवि गोविन्दराज विनोदीको **शूर्पणखा** खण्डकाव्यको अध्ययन-अनुसन्धान नभएको र सो कार्यमा यो शोध अघि बढेकाले यसको महत्त्व अझ बढी रहेको छ । यस **शूर्पणखा** खण्डकाव्यको खण्डकाव्यगत अवस्थालाई नजिकबाट नियाल्दै त्यसका विविध पक्षमाथि जानकारी प्रस्तुत गरी यसका बारेमा जान्न खोज्नेहरूलाई नवीन ढोका खोल्नु यस शोधको महत्त्व र औचित्य हो । यस शोधको औचित्य र महत्त्वलाई निम्नानुसार उल्लेख गरिएको छ :

क) खण्डकाव्यकार गोविन्दराज विनोदीको काव्ययात्रा बारे अध्ययन गर्दै त्यसका बारेमा जानकारी दिनु ।

ख) खण्डकाव्यकार गोविन्दराज विनोदीको खण्डकाव्यकारिता पहिचान गर्नु ।

ग) खण्डकाव्यको सैद्धान्तिक स्वरूपको परिचय दिनु ।

घ) खण्डकाव्यकार गोविन्दराज विनोदीको **शूर्पणखा** खण्डकाव्यको मूलभूत विशेषता केलाउनु ।

यसरी माथि उल्लिखित बुँदाहरूका आधारमा पनि के प्रस्ट गर्न सकिन्छ भने यो शोधकार्य एउटा भर्खरै प्रकाशित **शूर्पणखा** खण्डकाव्यमा विभिन्न पक्षहरूमा केन्द्रित रहेकाले र अहिलेसम्म विस्तृत अध्ययन, अनुसन्धान नभएकाले यसका बारेमा जान्न र बुझ्न चाहनेहरूलाई सहयोग पुग्ने हुनाले यसको औचित्य एवम् महत्व स्पष्ट रहेको छ ।

## १.६ शोधको क्षेत्र र सीमा

गोविन्दराज विनोदीको **शूर्पणखा** खण्डकाव्यको विधातत्त्वका आधारमा कृतिपरक अध्ययन प्रस्तुत शोधकार्यको सीमा हो । गोविन्दराज विनोदीका अन्य साहित्यिक कृतिहरूलाई छोडेर **शूर्पणखा** खण्डकाव्यको अध्ययनमा मात्र यो शोधकार्य केन्द्रित रहने छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

### १.७.१ सामग्री सङ्कलन

पुस्तकालयीय विधिलाई सामग्री सङ्कलन गर्ने आधार बनाइएको छ । जीवनवृत्त र व्यक्तिवृत्तका सम्बन्धमा आवश्यक भागमा व्यक्ति, स्रष्टा, सम्बद्ध व्यक्तिहरूसँग सम्पर्कका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त जीवनी, व्यक्तिवृत्त र सैद्धान्तिक सामग्रीका निमित्त पुस्तकालयीय सामग्रीको उपयोग गरिएको छ ।

### १.७.२ शोध विधि

विधा सिद्धान्तलाई खण्डकाव्य अध्ययनको आधार बनाइएको छ । यसमा विशेष गरी खण्डकाव्यका तत्त्वहरू - कथानक, पात्र, परिवेश, कथनपद्धति, छन्द वा लय विधान, सर्ग योजना, भाषाशैली, जीवनदृष्टि, उद्देश्य, द्वन्द्व, रस, भाव आदिलाई आवश्यक पर्ने सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई संरचनाको स्वरूप दिई शृङ्खलित, सु-सङ्गठित, सुव्यवस्थित र आकर्षक तुल्याउन आवश्यकता अनुसार परिच्छेद र त्यस अन्तर्गतका शीर्षकका उपशीर्षक र सन्दर्भ सामग्रीहरू जस्ता सूचीहरूमा तपसिल उल्लेख गरिए अनुसार विभाजन गरी शोधपत्र तयार पारिएको छ ।

**परिच्छेद एक : शोध परिचय**

प्रस्तुत परिच्छेद शोध परिचयका रूपमा रहेको छ । यस अन्तर्गत शोध शीर्षक, शोधप्रयोजन, विषय परिचय, समस्या कथन, शोध कार्यका उद्देश्यहरू, पूर्वकार्यको

समीक्षा, शोध क्षेत्र र सीमा, शोध कार्यको औचित्य, सामग्री सङ्कलन विधि र शोध विधिका साथै शोधपत्रको रूपरेखा उपशीर्षकहरू रहेका छन् ।

**परिच्छेद दुई : खण्डकाव्यकार गोविन्दराज विनोदी, कवितायात्रा र खण्डकाव्य प्रवृत्ति**

यस परिच्छेदमा कवि गोविन्दराज विनोदीको कवितायात्रा र खण्डकाव्य प्रवृत्ति, कविता यात्राका पूर्वार्द्ध चरण, उत्तरार्द्ध चरण, उनको खण्डकाव्यकारिता र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद तीन : खण्डकाव्यको सैद्धान्तिक स्वरूप र ऐतिहासिक विकासक्रममा शूर्पणखाको स्थान**

यस परिच्छेदमा खण्डकाव्य सम्बन्धी पूर्वीय र पश्चिमी मान्यता, खण्डकाव्यको परिभाषा, खण्डकाव्यका तत्त्व, खण्डकाव्यको वर्गीकरण, नेपाली खण्डकाव्यको उद्भव, विकास प्रक्रिया, प्रवृत्ति र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार : शूर्पणखा खण्डकाव्यको कृतिपरक अध्ययन**

यस परिच्छेदमा **शूर्पणखा** खण्डकाव्यको कृतिपरक अध्ययन गरिएको छ, जसमा संरचना, कथासार, कथानक, चरित्र चित्रण, परिवेश चित्रण, उद्देश्य, कथनपद्धति, द्वन्द्वविधान, भाषाशैली, शीर्षकीकरण, रसाभाव, अलङ्कार विधान, अर्थालङ्कार, वस्तु विश्लेषण यी शीर्षकहरूका आधारमा अध्ययन गरी मूल्याङ्कन र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार**

यस परिच्छेदमा शोधको सार सङ्क्षेप र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्तमा प्रस्तुत शोधकार्य सम्पन्न गर्न आदि भागका रूपमा स्वीकृति पत्र, निर्देशकको मन्तव्य, कृतज्ञता ज्ञापन र विषयसूची आदि समावेश गरिएको छ भने अन्त भागका रूपमा परिशिष्ट र सन्दर्भ ग्रन्थसूची समावेश गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# खण्डकाव्यको सैद्धान्तिक स्वरूप

# परिच्छेद : दुई

# खण्डकाव्यको सैद्धान्तिक स्वरूप

## २.१ विषय प्रवेश

खण्डकाव्य कविता विद्याको एक उपभेद हो । खण्ड र काव्य व्युत्पन्न शब्द हो । रुढीगत अर्थलाई हेर्दा खण्ड छ जुन काव्य 'खण्डकाव्य' कर्मधारय समासबाट बनेको छ । कविताको यस स्वरूपको लेखन यात्रा प्रारम्भ धेरै पुरानो मानिन्छ । पूर्वमा प्रबन्धकाव्यका रूपमा विश्वनाथले आफ्नो ग्रन्थ **साहित्य प्रदीप**बाट शुरुवात गरे भने यसलाई अघि बढाउन भामह, कालीदास, दण्डी, रुद्रट, आनन्दवर्धन जस्ता शास्त्रीय जगत्मा ग्रिसेली विद्वान् एरिष्टोटल, हेनरी हड्सन, काव्यमा दुःखान्त र सुखान्त, लिरिक ओड, एलिजी, एपिष्टल सेटाएर सेनेट आदि प्रयोग गरेको पाइन्छ । पाश्चात्य साहित्यमा डानक्विज जडको लिरिकल व्यालेड खण्डकाव्यको निकट रहेको मानिन्छ । यसरी समसामयिक पुस्तासम्मका साहित्यिक चिन्तकहरूले आ-आफ्ना धारणाहरू व्यक्त गरेका पाइन्छन् ।

## २.२ खण्डकाव्य सम्बन्धी पूर्वीय र पश्चिमी मान्यता

पूर्वीय शास्त्रीय साहित्यमा खण्डकाव्यका सम्बन्धमा सर्वप्रथम भामहले साहित्य विधाको विभाजनमा कविता विधालाई सर्गबद्ध र अनिबद्ध गरी दुई प्रकारमा वर्गीकरण गरेका छन् (गैरे, २०६० : १५७) । त्यसपछि दण्डीले साहित्यलाई गद्य, पद्य र मिश्र गरी तीन भागमा वर्गीकरण गरेको पाइन्छ । यसलाई मुक्तक, कुलुक कोष सङ्घात र सर्गबद्ध जस्ता उपभेदमा पनि वर्गीकरण गरेको पाइन्छ (गैरे, २०६० : १५७) । त्यस्तै वामनले पनि साहित्इलाई गद्य र पद्य गरी दुई भागमा विभाजन गर्दै पद्यलाई निबद्ध र अनिबद्ध भनी उल्लेख गरेको देखिन्छ । अर्का शास्त्रीय साहित्यिक शास्त्री रुद्रटले लघु र महान् भनेर दुई भेद देखाएका छन् र चतुवर्गको आधारमा चतुवर्गको अभिव्यक्ति भएको महान् काव्य र कुनै एक वर्गको अभिव्यक्ति लघुकाव्य मानेको पाइन्छ (गैरे, २०६० : १५८) । यसैका आधारमा जीवनको आंशिक अभिव्यक्ति भएको काव्यलाई रुद्रटले लघुकाल्यको संज्ञा दिएका छन् । त्यसपछि अर्का विद्वान् विश्वनाथले **साहित्य दर्पण** ग्रन्थका माध्यमबाट साहित्यिक विधा चर्चा

गर्ने क्रममा मुक्तकदेखि सर्गबद्य सम्ममा गद्य पद्य दुवै विधाको चर्चा साथै काव्यका चार भेद जस्तै काव्य कोषकाव्य खण्डकाव्य र महाकाव्यको चर्चा गरेको पाइन्छ (गैरे, २०६० : १६१) ।

## २.३ खण्डकाव्यको परिभाषा

पूर्वीय साहित्य शास्त्रमा प्रथम पटक खण्डकाव्य नामाङ्कन गर्ने विद्वान् विश्वनाथ हुन् । नेपाली काव्य शास्त्रीय चिन्तन परम्पराको जग बसाल्ने सोमनाथ सिग्द्याल हुन् । उनले कविता काव्यलाई मुक्तक र प्रबन्ध गरी दुई भागमा वर्गीकरण गरी प्रबन्धकाव्यभित्र महाकाव्य कोषकाव्य र खण्डकाव्यलाई समाविष्ट गरेका छन् (सिग्द्याल, २०२८ : १०६) । उनका अनुसार खण्डकाव्य काव्यको टुक्रा जस्तो छोटो कथानक लिएर शृङ्खलित रूपमा बीचैमा उठी बीचैमा टुङ्गिएको, सर्गबन्धका, सन्धिबन्धनहरू नभएको, छोटो काव्यलाई खण्डकाव्य भनिन्छ (सिग्द्याल, २०२८ : १०७) । केशवप्रसाद उपाध्यायका अनुसार सीमित कालखण्डमा घटित एउटै घटना, एउटै चरित्र, एउटै रसको अभिव्यक्ति गर्दै एउटै छन्दमा रचिएको, जीवनका अंश विशेषको झलक प्रस्तुत पार्ने काव्य हो खण्डकाव्य (उपाध्याय, २०४९ : १२१) । **नेपाली शब्दकोश**का अनुसार कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य खण्डकाव्य हो (शर्मा, २०५७ : २१३) । वसन्तकुमार शर्मा नेपालले काव्य लक्षणहरू पूरा भएको सानो प्रबन्धात्मक काव्यका रूपमा यसलाई चिनाएको देखिन्छ (शर्मा नेपाल, २०६१ : ३११) ।

वासुदेव त्रिपाठीले पूर्वीयपाश्चात्य काव्यको वर्गीकरणको संयोजन तथा नेपाली कविता परम्पराको सर्वेक्षण समेत गरेर कविता विधाका १) लघु, २) मध्यम, ३) बृहत् गरी तीन श्रेणी रहेको जनाएका छन् । उनले तीन श्रेणीको सट्टा पाँचा श्रेणीको चर्चा गर्दै लघुतम (मुक्तक), लघु (फुटकर), मध्यम (खण्डकाव्य/लामो कविता), बृहत् (ललित) कलात्मक महाकाव्य र वृहत्तर वा वृहत्तम (विकासशील/आर्ष महाकाव्य गरी टुङ्ग्याएका छन् (त्रिपाठी, २०६० : १२) ।

उनले सूक्ष्म सर्वेक्षणका क्रममा संस्कृत, अंग्रेजी नेपाली आदि साहित्यमा रचिएका विभिन्न कवितात्मक रचना र नेपाली साहित्यमा देखिएका खण्डकाव्यगत विविध प्रयोगतर्फ नजर पुऱ्याउँदै फुटकर कविताभन्दा लामा र बृहत् काव्य भन्दा साना वा मझौला आकारका

कवितात्मक रचनालाई एकमुष्ठ रूपमा खण्डकाव्य भन्ने पारिभाषिक संज्ञाद्वारा "खण्डकाव्यलाई कविता विधाको त्यस्तो मझौलो आयामको उपविधागत भेद भन्न सकिन्छ, जसमा कुनै आख्यानलाई अँगाली वा नअँगाली जीवन जगतका एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लय विधानका माध्यमबाट कथन गरी संरचित गरिन्छ" (त्रिपाठी, २०६० : ५६-५७) भनेका छन् ।

नेपाली साहित्यशास्त्रीय चिन्तन परम्परामा अरू पनि थुप्रै विद्वान् समालोचकहरूले आ-आफ्नै तरीकाले चिनाउने र परिभाषित गर्ने क्रम रहेको देखिन्छ । त्रिपाठीद्वारा प्रतिपादित खण्डकाव्य परिभाषा नै नेपाली साहित्य शास्त्रमा देखिएको पहिलो समन्वित र व्याप्तिपूर्ण स्थापनाका साथै अहिले सम्मकै सर्वाधिक विस्तार र व्याख्या प्राप्त गरेको खण्डकाव्य मान्यता हो (अवस्थी, २०५८ : ११४) । त्यसैले खण्डकाव्य सम्बन्धी नेपाली साहित्य साहित्यशास्त्रीय चिन्तन प्रसङ्ग आउँदा त्रिपाठीकै परिभाषालाई महत्त्वका साथ लिने गरिएको पाइन्छ ।

## २.४ खण्डकाव्यका तत्त्वहरू

खण्डकाव्य बन्न वा रचिनका लागि आवश्यक पर्ने अर्न्तवाह्य स्थूल-सूक्ष्म घटक वा अङ्ग नै यसका तत्त्वहरू हुन् । खण्डकाव्यका तत्त्वका बारेमा विद्वान्हरूका आ-आफ्नै मत पाइन्छन् ।

मोहन हिमांशु थापाले कथा, चरित्र, पात्र, भाषाशैली वातावरण र जीवनदृष्टिलाई खण्डकाव्यका तत्त्व मानेका छन् (थापा, २०५० : ६०) । लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहालले कथानक, पात्र परिवेश, केन्द्रीय कथ्य, भाव, लय, कथन पद्धति, अलङ्कार, प्रतीक भाषाशैलीलाई खण्डकाव्यका तत्त्व मानेका छन् (ढुङ्गाना र दहाल, २०५७ : ६) । वासुदेव त्रिपाठीले खण्डकाव्यका तीनवटै ढाँचालाई केलाएर खण्डकाव्यका आधारभूत तत्त्वका रूपमा बद्ध वा मुक्तलय, भाषाशैली, जीवनको एक अंशको कथानक गर्ने आख्यान अन्तर्गतका कथानक वा अन्तर्कथानक, पात्र विधान अन्तर्पात्रीयता, देशकाल वा परिवेश अनि कथनपद्धति तथा शिल्प रचनालाई पनि खण्डकाव्य, कोष काव्य तथा लामो कविताका तत्त्व हुन भनेर

मानेका छन् । कविताको मझौला रूप खण्डकाव्यका प्रमुख तत्त्वहरूलाई छुट्टाछुट्टै रूपमा उल्लेख गरी यसरी पहिचान गर्न सकिन्छ :

### २.४.१ कथावस्तु

पात्रद्वारा गरिने कार्य र तिनै पात्रका कार्यबाट घट्ने घटनाको कथात्मक गठन हुनु नै खण्डकाव्यमा कथावस्तुको संयोजन हो । तर आजभोलि परिवर्तन र गतिशिलताका नाममा खण्डकाव्यमा पनि कथा वस्तुलाई संयोजन नगरी बहिष्कार गर्न थालिएको छ। सु-सङ्गठित र व्यवस्थित कथानकका ठाउँमा विशृङ्खलित र झिनो कथासूत्र लिन थालिएको छ। लामो कवितामा प्रयोगधर्मिता ज्यादा रहन्छ। कथावस्तु कस्तो हुने भन्ने विषय भने कविको आफ्नो रुचिको कुरा हो । तथापि कथावस्तु खण्डकाव्यका निम्ति आवश्यक तत्व हो (आचार्य, २०६४ : ३१६) ।

### २.४.२ पात्र वा चरित्र

पात्र वा चरित्रविना कथावस्तु गतिशील बन्दैन। पात्रकै जीवनका दुःख, सुख, वेदना र छट्पटीलाई कथा रूप दिइने हुँदा कथा जहाँ छ त्यहाँ पात्र हुन्छ । पात्र वा चरित्र परम्परागत काव्य लक्षणकै अनुरूप हुनुपर्छ भन्ने मान्यता फेरिएको छ । युगानुकूल पात्र चयन बढेको छ । पात्र देवी देवता, उच्चवंश, राजा, महाराजा, धीरोदात्त नै हुनुपर्छ भन्ने छैन। जन जीवनका यथार्थिक र स्वाभाविक पात्र आवश्यक छ। आवश्यकता र अवस्था हेरी उल्लेखनीय व्यक्तिलाई पात्रका रूपमा प्रयोग गर्ने सकिन्छ (गैरे, २०६० : १६०) ।

### २.४.३ देशकाल वातावरण/परिवेश

देशकाल वातावरणले कथावस्तुको घटना घट्न स्थान, समय र परिवेशलाई देशकाल वातावरण भनिन्छ। परिवेशले कथानकलाई स्वभाविक एवं गतिशील तुल्याउँछ। आन्तरिक र बाह्य पक्षको प्रस्तुति गर्न, चरित्र उद्घाटन र चरित्रका माध्यमले साँस्कृतिक, राजनैनिक र

आर्थिक क्षेत्र समेत झल्किने हुँदा देश काल वातावरण पनि आवश्यक तत्त्व मानिन्छ (गैरे, २०६० : १७७) ।

## २.४.४ छन्द वा लय विधान

लय शब्दले गहन एकाग्रता तत्कालीन तन्मयता, विशेष क्रम प्रवाह आदि अर्थ बोध गराउँदछ । कविता काव्यको आन्तरिक तत्त्वको रूपमा रहेको लयलाई मानिसको आन्तरिक भावावेगको रूपमा समेत लिइन्छ (लुइँटेल, २०६० : १३९) । श्रुतिरम्य साङ्गीतिक लययुक्त सौन्दर्य हो, जसले सिर्जनासिद्धिलाई प्रकट गरी पूर्ण सिद्धिमय र श्रुति सौन्दर्यपूर्ण रूपमा रचनालाई पाठक समक्ष ल्याउन सहयोग पुऱ्याउँछ (गैरे, २०६० : १७९) ।

## २.४.५ सर्ग योजना

कविताको बृहत रूप महाकाव्यका निम्ति सर्ग योजना आवश्यक ठानिए पनि खण्डकाव्यमा भने सर्ग योजना वैकल्पिक रूपमा लिएको भेटिन्छ । सर्गान्तमा छन्द परिवर्तन, आगामी सर्गको सङ्केत, एक सर्गमा एउटै छन्द हुनुपर्छ भन्ने पूर्वीय मान्यता रहे पनि पश्चिममा यस्तो र यति नै भन्ने ठोस मान्यता भेटिंदैन । हुन त पूर्वमा पनि यति नै सर्ग हुनुपर्छ भन्ने अनिवार्यता पाइँदैन । अनुभूति र व्याख्यानलाई व्यवस्थित रूपमा संयोजित, संरचित गर्न सर्गयोजना आवश्यक भएको स्वीकार गर्छन् त्यसैले खण्डकाव्य सिर्जना सन्दर्भमा यो प्रमुख घटक तत्त्व हुन पुगेको भेटिन्छ । कवितात्मक उपविधाको मझौलो खण्डकाव्यात्मक स्वरूप धान्ने क्रममा अर्थ, विभाजनसहित पङ्क्ति, श्लोक, पृष्ठ आदिको सु-संयोजन सहित भावना र आख्यानीकरणको सु-व्यवस्था आवश्यक हुन्छ । यो सर्ग सिद्धिमा निर्भर रहन्छ (गैरे, २०६० : १८०/१८१) ।

## २.४.६ भाषाशैली

काव्यलेखनमा प्रयोग गरिने भाषिक अभिव्यक्तिलाई नै भाषाशैली हो । काव्य, सरल, लयात्मक, सुस्पष्ट, कथात्मक, सम्प्रेष्य, अजटिल, विवरणात्मक, आत्मपरक, वर्णनात्मक भएर पनि श्रुति माधुर्य सहितको हुनुपर्छ (आचार्य, २०६४ : ३१७) ।

### २.४.७ जीवन दृष्टि

कविले काव्यमार्फत दिन चाहेको सन्देश काव्यमा व्यक्त जीवन दृष्टि, जगत्प्रतिको हेराइ जीवन दृष्टि हो । जीवन दृष्टिलाई काव्यमा घटना, कथा, चरित्र, वातावरणमा घोलेर मोलेर र अभिव्यक्त गर्दा उन्नत र उत्कृष्ट अनि लोकप्रिय कृति बन्न सक्छ (गैरे, २०६० : १८१) ।

### २.४.८ कथन पद्धति

काव्यमा कविले कृति मार्फत् पाठक सामु कुनै न कुनै विचार सम्प्रेषण गर्ने प्रयास गरेका हुन्छन् । कृतिले बोकेको मुख्य विचारलाई केन्द्रीय कथ्यको प्रस्तुतिमा आ-आफ्नो कथनलाई सोझै भन्ने वा कुनै पात्रका माध्यमले भनाउन लगाउने गर्दछन् । यही प्रस्तुति शैली नै कथन पद्धति हो । यिनै दुई विधिहरू मुख्यतया प्रचलित छन् र यो भन्दा भिन्न तृतीय विधि समष्टि खण्डकाव्यबाटै प्रस्तुत गर्दै कलात्मक ढङ्गले कथनलाई प्रस्तुत गर्ने कलात्मक परिपाक नै यथार्थमा केन्द्रीय कथ्यको मूल अभिष्ट र लक्ष्यगत प्राप्ति हो (गैरे, २०६० : १७९) ।

### २.४.९ द्वन्द्व

प्राय सबै काव्यमा द्वन्द्वको सृजना गरिको हुन्छ । द्वन्द्व दुई किसिमका हुन्छन् आन्तरिक र बाह्य द्वन्द्व । बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्वमा द्वन्द्वको मात्रा र प्रभावकारिता अधिक रहन्छ । काव्यमा सुरुदेखि अन्त्यसम्म नै द्वन्द्वको स्थिति रहन्छ । आन्तरिक द्वन्द्व काव्यमा भावद्वारा निर्देशित र नियन्त्रित चेतनाका वीचमा द्वन्द्व मुख्य द्वन्द्वका रूपमा रहन्छ । जसलाई नायक नायिकाका आत्मलापका माध्यमले प्रस्तुत गरिन्छ । काव्यको सौन्दर्य पक्ष नै द्वन्द्व रहेकाले सुरुदेखि द्वन्द्वको प्रधानता अनिवार्य रहन्छ (आचार्य, २०७१ : ३४३) ।

### २.४.१० रस भाव

रस अभिव्यक्तिको शृङ्गार हो । रस काव्यका माध्यमबाट प्राप्त हुने आत्मिक वा मानसिक आस्वाद हो र यो आस्वादन क्रिया आनन्दमय हुन्छ । त्यसैले यो आस्वादन क्रिया

आनन्दमय हुन्छ । त्यसैले रस मानव अन्तरात्माको आनन्द चेतनाकै रूपमा प्रतिस्थापित भएको पाइन्छ । काव्यद्वारा अभिव्यञ्जित हुने यो अन्तरात्मिक रस विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट निष्पन्न हुन्छ (गैरे, २०६० : २७२) ।

## २.४.११ अलङ्कार विधान

काव्यमा अलङ्कार प्रयोग गरिएको हुन्छ । कविले काव्यिक भावाभिव्यक्तिलाई मूर्त रूप दिने सन्दर्भमा अलङ्कारको प्रयोग भएको हुन्छ । अलङ्कारले काव्यको भाषाशैलीलाई एकातिर आकर्षक बनाउँछन् भने अर्कातिर अभिव्यक्तिलाई सुन्दर बनाई भावलाई उत्कर्षमा पुऱ्याउन भूमिका खेलेको हुन्छ । काव्यको बाह्य सौन्दर्यको अभिवृद्धि र अर्थ चमत्कृतिमा पनि अलङ्कार महत्त्वपूर्ण रहन्छ । अलङ्कारले भाषिक सौन्दर्य मात्र नभई भावगत सौन्दर्य र भावाभिव्यक्तिलाई उत्कृष्टता प्रदान गर्दछन् । त्यसैले अलङ्कारलाई काव्यको सौन्दर्य बढाउने गहना मानिन्छ (आचार्य, २०७१ : ३३७) ।

## २.५ खण्डकाव्यको वर्गीकरण

खण्डकाव्यको वर्गीकरणका सम्बन्धमा आख्यान प्रयोग र अप्रयोगका संरचनागत वैकल्पिक स्वरूपहरू छन् । आख्यानात्मक खण्डकाव्य, कोष काव्य र अवचेतन भाव प्रवाहात्मक लामो कविता गरी तीन प्रकारका खण्डकाव्यहरू पाइन्छन् । नेपाली खण्डकाव्यका सन्दर्भबाट हेर्दा आख्यानात्मक खण्डकाव्यमा **मुनामदन**, कोष काव्यमा **ऋतुविचार** र लामो कवितामा **लेक**लाई लिन सकिन्छ । रूपाकृतिगत लमाइका आधारमा कृश काव्य (**पिकदूत**) र स्थूल काव्य (**मुनामदन** र **अपराजिता**) गरी दुई भागमा बाँड्न सकिन्छ । यस्तै विषयस्रोतुका आधारमा **राजेश्वरी** प्रसिद्ध स्रोत, **कुञ्जिनी** उत्पाद्य स्रोत र **मुनामदन** लोककथा स्रोतमा आधारित मानिन्छन् ।

विषय वस्तुका आधारमा खण्डकाव्य प्राकृतिक (**ऋतु विचार**), पौराणिक (**सीताहरण**), ऐतिहासिक (**राजेश्वरी**), धार्मिक साँस्कृतिकमा (**गजेन्द्र मोक्ष**), सामाजिक (**अपराजिता**), दार्शनिक (**आगो र पानी**) गरी ६ प्रकारमा वर्गीकृत हुन्छन् ।

लय प्रयोगका आधामा खण्डकाव्यका बद्धलयात्मकका (**धरतीपुत्र, उर्वशी, मुनामदन**), मुक्त लयात्मक (**गंगाप्रवास**) गरी दुई भेद पाइन्छन् । बद्ध लयात्मकका पनि वर्णमात्रिक ( **धरतीपुत्र**), मात्रिक लयमा (**उर्वशी**), वार्णिक (**मुनामदन**) गरी तीन भेद देखिन्छन् ।

रसप्रयोग र त्यसको प्राधान्यका आधारमा शृङ्गार रस प्रधान (**लुनी**) करुण रस प्रधान (**मुनामदन**) वीररस प्रधान (**अपराजिता**) आदि रस संख्या जति नै अर्थात् नौ प्रकारका खण्डकाव्य हुन सक्ने देखिन्छ ।

शीर्षक प्रयोगका दृष्टिले घटनाप्रधान शीर्षक हुने (**रावण-जटायुयुद्ध**), चरित्र प्रधान शीर्षक हुने शीर्षक हुने (**राजेश्वरी**), विषयवस्तु प्रधान शीर्षक हुने (**ऋतुविचार**) र काव्यढाँचा प्रधान शीर्षक हुने (**वैराग्यलहरी**, **आनन्दशतक**) गरी चार प्रकारका देखिन्छन् ।

कथावस्तुको विकासको अन्तिम परिणामका आधारमा सुखान्त (**आपराजिता**) र दुःखान्त (**मुनामदन**) गरी दुई प्रकारका देखिन्छन् ।

यसरी निश्चित आधार विशेषमा खण्डकाव्यको वर्गीकरण विभिन्न कोणबाट गर्न सकिन्छ ।

## २.६ निष्कर्ष

खण्डकाव्य कविता विधाको उपविधात्मक स्वरूप हो । पूर्वमा संस्कृत साहित्यशास्त्री विश्वनाथले प्रथमपटक खण्डकाव्य शब्द प्रयोगमा ल्याएका हुन् । त्यस पश्चात पाश्चात्य साहित्य शास्त्रमा डानक्जि जडको लङ पोइम मार्फत यसको विकास भएको पाइन्छ । त्यस्तै नेपाली साहित्यमा कविता विधाकै मझौलो आयामको उपविधागत भेदका रूपमा लिइन्छ ।

खण्डकाव्यका तत्वका सम्बन्धमा विद्वान्हरूका फरक फरक मत-मतान्तर देखिए पनि समग्रमा कथावस्तु, पात्र वा चरित्र रस अलङ्कारलाई नै मान्यता दिइएको छ । खण्डकाव्यका वर्गीकरणका सम्बन्धमा सुखान्त र दुःखान्त दुई वर्ग र कथावस्तु संयोजन, विषयवस्तु, बद्धमुक्त र शीर्षक आदिलाई समेत आधार मानिएको छ ।

# परिच्छेद : तीन

# नेपाली खण्डकाव्यको विकासक्रम र खण्डकाव्यकार गोविन्दराज विनोदीको आगमन

## परिच्छेद : तीन

# नेपाली खण्डकाव्यको विकासक्रम र खण्डकाव्यकार गोविन्दराज विनोदीको आगमन

### ३.१ विषय प्रवेश

नेपाली भाषाको विकास एघारौँ शताब्दीतिर भए तापनि नेपाली कविताको थालनी वि.सं. १८३०/३१ तिर र नेपाली खण्डकाव्यको थालनी चाहिँ वि.सं. १८७१ मा भएको हो । उदयानन्द अर्यालको **वेताल पच्चिसी** (१८७२-१८७५) देखि वि.सं.१९४० सम्मको अवधि नेपाली खण्डकाव्यको प्राथमिक काल र वि.सं. १९४१ देखि वि.सं. १९७२ सम्म माध्यमिक काल र १९७२ देखि यताको समय आधुनिक काल हो ।

### ३.२ प्राथमिक काल वि.सं. १८७२ देखि १९४०

नेपाली खण्डकाव्यको प्राथमिक काललाई रचना र रचनाकारका आधारमा निर्क्योल गर्न सकिन्छ । यस कालमा **अश्वशुभाशुभ परीक्षा** (१८६०) मा दैवज्ञराज केशरी अर्यालले पौराणिक विषयवस्तु वजी होत्रको वर्णन, घोडाको शुभ-अशुभ लक्षण बखान्ने पद्यावद्ध र आकारका दृष्टिले खण्डकाव्य भन्न मिल्छ । त्यस्तै वीरशाली पन्तका **वीर चरित्र, विमलबोधानुभव, सरल प्रेमावली** गरी तीन रचना रहेका छन् । यी कृतिहरूको आकार प्रकारका दृष्टिले खण्डकाव्य मान्न सकिन्छ तर आख्यानात्मक, वर्णनात्मक सरसता भए पनि काव्यात्मकताको अभाव भएको पाइन्छ । यहाँसम्मको समयलाई प्राथमिक कालको समयका रूपमा लिइन्छ । वसन्त शर्माको **कृष्ण चरित्र** (१८८४), भानुभक्त आचार्यको **बधूशिक्षा**, **भक्तमाला**, हरिदासको **ध्रुव चरित्र** आदि यस समयमा देखापरेका कृति तथा कृतिकार हुन् (गैरे, २०६० : १८४) ।

अन्य रचना र रचनाकारहरूमा यदुनाथ पोखेल **कृष्ण चरित्र** र **गोर्खा सेना वर्णन**, रघुनाथ पोखेलको **सुन्दर काण्ड**, हीनव्याकरणी विद्यापतिको **बाह्रमासा, गीत गोविन्द,**

पतञ्जली गजुऱ्यालको **आध्यात्म रामायण बालून,** तीर्थवलीको **मत्स्येन्द्रनाथको कथा, उत्तर गया** आदि यस कालका उपलब्धी हुन् (गैह्रे, २०६० : १८४) ।

## ३.३ माध्यमिक काल (वि.सं. १९७२ देखि १९७३)

यस समयावधि लेखोट कालको अन्त्य र प्रकाशनकालको स्वर्ण युग हो । सौन्दर्य चेतना तथा सचेत शृङ्गार धाराको प्रधानता माध्यमिक कालमा नै पाइन्छ । मोतीराम भट्टको **गजेन्द्र मोक्ष** (१९४८), राजीव लोचन जोशीको **केदार कल्प** (१९४७), होमनाथ खतिवडाको **नर्सिंह चरित्र** (१९६३), शम्भुप्रसाद ढुङ्गेलको **कृष्ण चरित्र** (१९९८) आदि कृति र कृतिकारले माध्यमिककालीन शृङ्गारिक धाराको नेतृत्व लिएको पाइन्छ । लोक लयात्मक **सवाई लहरीकाव्य र बाह्रमासा** काव्यको रचना यस समयका उपलब्धीहरू हुन् । यस समयमा अख्यानात्मक परिपाटीमा खण्डकाव्य लेखन सुरुवात भएको पाइन्छ । कतै मझौला कथानक स्वरपका कवितालाई सङ्क्षिप्तताका साथ प्रस्तुति गर्ने प्रवृत्ति त कतै लामो कथानकलाई खण्ड खण्ड पारी प्रस्तुत गर्ने शैलीको विकास पाइन्छ भने कतै सानो कथानकलाई सानै संरचनामा प्रस्तुत गर्ने प्रवृत्ति पाइन्छ ।

## ३.४ आधुनिक काल (वि.सं. १९७२ देखि हालसम्म)

यस खण्डमा १९७२ लेखनाथ पौड्यालको **ऋतुविचार**ले परिष्कारवादी कविताका विशेषताका साथै आधुनिकताको ढोका खोलेको पाइन्छ । आधुनिक काल विभिन्न मोाड र धाराहरूसँगै विकसित भएको छ । यस काललाई विभिन्न मोडमा विभाजन गरेर हेर्न सकिन्छ ।

### ३.४.१ पहिलो मोड : परिष्कारवादी धारा

आधुनिक कालको पहिलो मोड लेखनाथ पौड्यालको खण्डकाव्य कृतिबाट शुरु भएको हो । परिष्कारवादी कविताका विशेषताहरू यसधाराका खण्डकाव्यका पनि विशेषताहरू हुन् । लेखनाथ पौडेलको **ऋतुविचार** (वि.सं. १९७३) बाट परिष्कारवादी खण्डकाव्य धारा सुरु

भएको हो । लेखनाथका खण्डकाव्यहरू हुन् **बुद्धि विनोद, ऋतुविचार** र **सत्यकलि संवाद** । लेखनाथले सांस्कृतिक जागरका साथै, भाषिक, वैचारिक स्तरीयतालाई पनि अगाडि बढाएका छन् ।

भीमनिधि तिवारी **तर्पण**, महानन्द सापकोटा **मनलहरी**, मोदनाथ प्रश्रित **आमाको आँसू** (२००९), मुकुन्दशरण उपाध्याय **प्राकृत पोखरा**, गुणराज उपाध्याय **अश्रुपात**, भरतराज पन्त **चन्द्रहास**, गोविन्द भट्ट **शान्ति सन्देश**, हेमचन्द्र शर्मा **गङ्गा तरङ्ग**, हरिहर शास्त्री **रम्भा**, **सिन्धुलीको झलक** बदरीनाथ भट्टराई हुन् ।

### ३.४.२ दोस्रो मोड (स्वच्छन्दतावादी/प्रगतिवादी धारा)

नेपाली खण्डकाव्यको दोस्रो मोड **मुनामदन** (१९९२), खण्डकाव्यको प्रकाशनसँगै सुरु हुन्छ । स्वच्छन्दतावाद यस मोडको प्रमुख धारा वा प्रवृत्ति हो । राष्ट्रकवि माधवप्रसाद घिमिरेको **गौरी**, देवकोटाको **कुञ्जिनी**, सिद्धिचरण श्रेष्ठको **उर्वशी**, आदि स्तरीय खण्डकाव्य कृति र कृतिकारहरू यस अवधिमा प्रकाशित भएका छन् । केदारमान व्यथित **हामी**, युद्धप्रसाद मिश्र **भक्त सुदामा**, धर्मराज थापा **वनची**, वासुदेव त्रिपाठी **राजकुमारी वासवदत्ता**, भानुभक्त पोखेल **राष्ट्रमाता**, कञ्चन पुडासैनी **प्रेमको चिठी**, अगमसिंह गिरी **युद्ध र योद्धा**, आनन्ददेव भट्ट **युरी गागरिन**, नीरविक्रम प्यासी **हिमज्योति** रामचन्द्र भट्टराई **बोई,** घनश्याम कँडेल **देवयानी** आदि खण्डकाव्यले यस मोडलाई अगाडि बढाउने काम गरेका छन् । ( आचार्य, २०६४ : ३३३) ।

### ३.४.३ तेस्रो मोड : प्रयोगवादी धारा

नेपाली खण्डकाव्य परम्परामा पाश्चात्य प्रभाव बोकेर प्रयोगवादी मोडले नयाँ रूप धारण गरेको छ । लामो कविता लेखनबाट प्रयोगवादीधारा आरम्भ भएको हो । फुटकर कवितामा मोहन कोइरालाको **घाइते युग** (२०१७) बाट प्रयोगवाद सुरु भएको मानिन्छ भने मदन रेग्मी र जगदीश घिमिरेका लामा कविता प्रयोगवादी धाराका आरम्भकालीन रचना मानिन्छन् । मदन रेग्मीको **आजाजुजे पहाड** र **घाउको आँखा** (२०२१), मोहन कोइरालाको **लेक** (२०२१), **सूर्यदान** (२०२२), **नदी किनारका माझी** (२०२२) साथै ईश्वर बल्लभको **मेरी**

**आमाले आत्महत्या गरेको देश**, असित राईको **अक्टोपस**, कणाद महर्षिको **पग्लेका लाभाहरू**, रत्न शमशेर थापाको **क्षितिजको भुत्ला आज बोकाको मुखमा**, सरुभक्तको **कुरूप मशीहा** आदि लामा कविताका प्रमुख कृति मानिन्छन् । पूर्वीय खण्डकाव्य परम्परालाई नअँगाली पूरै पाश्चात्य काव्यको लामो कविताको परम्परालाई भित्र्याउने काम यस मोडका काव्यबाट भएको छ । प्रयोगशीलता, समसामयिकता, राष्ट्रबोध, युग जीवनका झाँकी जस्ता विषय यस मोडका प्रमुख विशेषताहरू हुन् ।

### ३.४.४ चौथो मोड : समसामयिक धारा

नेपाली खण्डकाव्यमा राष्ट्रिय जनआन्दोलन र बहुदलीय व्यवस्था पुनर्बहाली भएपछि पूर्ववर्ती सबै मोडहरूको सम्मिश्रण र नवीनताको खोजी भएको पाइन्छ । राजनैतिक परिवर्तन २०४७ सालपछि युवा कविहरू समसामयिक धारामा सक्रिय रहेका छन् । शान्तिको खोजी, समानता र स्वतन्त्रता, अधिकार र कर्तव्य, भ्रष्टाचारको भण्डाफोर, मानवतावाद आदिलाँई अँगाल्दै समसामयिक मोड अगाडि बढेको छ । यस धारामा पूर्ववर्ती स्वच्छन्दतावादी प्रगतिवादी प्रवृत्ति पनि देखिएकै छ । प्रयोगवादी संचेतना, रङ्गवादी, ध्वनिवादी कविता काव्य लेखन समसामयिक धाराका छ । समसामयिक खण्डकाव्य लेख्नेहरूमा राधेश्याम भट्टराई, मित्रलाल पंज्ञानी, भुवनहरि सिग्देल, देवी नेपाल आदि रहेका छन् । कवि गोविन्दराज विनोदी पनि यही समसामयिक धारा अन्तर्गत परिष्कारवादी स्वच्छन्दतावादी खण्डकाव्यकारका रूपमा देखा परेका छन् ।

## ३.५ नेपाली कवितामा गोविन्दराज विनोदीको आगमन

गोविन्दराज विनोदी पौरख र परिश्रमले खानुपर्छ, उच्च विचार सादा जीवनमा बाँच्नु पर्छ भन्ने जीवनदर्शन बोकेका सर्जक हुन् । उनका प्रकाशित कृतिहरू अधिकांश कविता विधा अन्तर्गत रहेकाले उनलाई कविका रूपमा चिन्न सकिन्छ । उनी सरल सहज तथा सामाजिक जीवनसँग सम्बन्धित विषयमा केन्द्रित रही मौलिक रूपमा रचना गर्ने गर्दछन् । सामाजिक विकृति, विसङ्गति, शैक्षिक चेतना, बालसाहित्य, जीवनका कथा-व्यथा, देशको समसामयिक परिस्थितिको चित्रण, राष्ट्रप्रेम, नारी चेतना, आदर्श मूल्य-मान्यता, राष्ट्रियता

जस्ता विषयमा आधारित कविता लेखेर हालसम्म नेपाली काव्य साहित्यको उन्नयनमा श्रीवृद्धि गर्न लागि परेका विनोदीको विशेष रुची कविता काव्यमा नै केन्द्रित रहेको पाइन्छ ।

किशोर अवस्थादेखि नै कविता लेख्न थालेका गोविन्दराज विनोदी मूलतः कवि हुन् । उनका अधिकांश प्रकाशित कृतिहरू कविता विधामा नै केन्द्रित छन् । वि.सं. २०२१ मा प्रकाशित चितवनको **चिनो** पत्रिकामा प्रकाशित *रिस* नामक कविताबाट औपचारिक रूपमा कवितायात्रा प्रारम्भ गरेको देखिन्छ । हालसम्म यिनका ५०० जति फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भैसकेका छन् । उनले कवितासङ्ग्रह, बालकवितासङ्ग्रह, खण्डकाव्य, गजलसङ्ग्रह, प्रबोधक काव्य, बाल चित्रकविता आदि ११ कृति प्रकाशित छन् ।

गोविन्दराज विनोदी छन्दमा कविता लेख्न रुचाउने कवि हुन् । उनले गीति कविता, गजल र बाल कवितामा समेत कलम चलाएका छन् । उनका रचनामा विशेषतः समाज चित्रण, सामाजिक विसङ्गति, विकृतिप्रति विद्रोह, नारीप्रति अपार स्नेह र सम्मानको भाव, समसामयिक परिवेश, परिस्थितिको चित्रण मानवतावादी स्वर, विश्वबन्धुत्वको भावना, आत्मपीडा, शैक्षिक चेतना, बालसाहित्य, बालअधिकार, देशप्रेम र राष्ट्रियताजस्ता विषयहरूले स्थान पाएका छन् । यसरी हालसम्म कविता विधालाई निरन्तरता दिइरहेको नेपाली काव्य क्षेत्र उनको विशेष रुचिको क्षेत्र भएको स्पष्ट रूपमा देख्न सकिन्छ । वि.सं. २०४७ सालमा **मेरो वर्तमानता** कवितासङ्ग्रह प्रकाशित भएपछि पुस्तकाकार कृतिका कृतिकारका रूपमा समेत उनको आगमन भएको हो ।

कविता रचनाको थालनी २०२१ सालदेखि भए पनि २०२३ सालदेखि यिनका फुटकर कविता प्रकाशित हुन थालेका हुन् । पत्रपत्रिकामा करीब चार दर्जन जति फुटकर कविता प्रकाशनपछि कृतिगत रूपमा **मेरो वर्तमानता** कवितासङ्ग्रह (२०४७), **निर्मम निर्मम घडीहरू** गजल सङ्ग्रह (२०५६), **आँखाका नानीहरू** बाल कविता (२०५७), **अविश्रान्त** कविता सङ्ग्रह (२०५९), **छन्दविनोद** प्रबोधक काव्य (२०५९), **हिमस्पर्श** अनुष्टुप् छन्दमाला क.स. (२०६६), **सृष्टिमाथि दृष्टि** समीक्षा सङ्ग्रह (२०६६), **अनुपमा धर्ती** काव्य (२०६६), **नानीका गीत** कविता सङ्ग्रह (२०६९) आदि प्रकाशित भैसकेका छन् ।

### ३.६ गोविन्दराज विदोनीको कविता यात्रा र चरण विभाजन

विनोदीले किशोर अवस्थादेखि नै कविता लेखन आरम्भ गरेको पाइन्छ । बाव्यकालदेखि फुटकर कविताहरू लेखे तापनि फुटकर कविताको प्रकाशत २०२१ सालदेखि भएको र पुस्तकाकार कृति २०४७ मा प्रकाशित भएको पाइन्छ ।

किशोर अवस्थादेखि नै कविता लेखन आरम्भ गरेका कवि विनोदीले २०४७ देखि हालसम्म तीन दशकको साहित्यिक यात्रा पूरा गरिसकेका छन् । फुटकर कविता प्रकाशन **चितवनको चिनो**बाट थालिएको उनको कविता यात्राले कविता, गजल, बालकविता र खण्डकाव्य लेखनसम्मको यात्रा पूरा गरिसकेको छ । उनको हालसम्मको काव्यिक यात्रालाई प्रमुख दुई चरणमा विभाजन गरी हेर्न सकिन्छ ।

#### ३.६.१ गोविन्दराज विनोदीको कविता यात्रा पूर्वार्ध चरण

वि.सं. २०२१ सालमा चितवनबाट प्रकाशित चितवनको चिनो पत्रिकामा *रिस* नामक कविता प्रकाशनपछि विनोदीले औपचारिक कविता यात्रामा पाइला टेकेका हुन् । वि.सं. २०२१ देखि २०४६ सालसम्मको अवधिलाई विनोदीको साहित्यिक आभ्यासिक चरणका रूपमा लिन उपयुक्त हुन्छ । वि.सं. २०२७-२०२८ सालतिर योगी नरहरिनाथको सम्पादकत्वमा प्रकाशित *विश्वात्मदर्शन* (२०२८-०२९) पत्रिकामा, *श्रीराम गीता सार, सप्तश्लोकी रामायण* शीर्षकका कविता र २०३०-२०३६ सालको राष्ट्रिय राजनैतिक परिवर्तनको प्रभावमा क्रान्तिकारी चेतना भएका, *पञ्चायती लास जलिरहेछ, नयाँ जमाना अब आउँदै छ रे* जस्ता समसामयिक कविता सिर्जना गरेको पाइन्छ (स्रोत लेखकबाट प्राप्त जानकारीअनुसार) ।

वि.सं २०४२ सालदेखि यताका रचनाहरू कविले **मेरो वर्तमानता** (२०४७) मा सङ्कलन गरेका छन् । यिनमा सङ्गृहीत कविताहरूमा जुन **अभिव्यक्ति, मनोभावना, झङ्कार, शिवपुरी सन्देश, रचना, मिर्मिरे, श्रीजा, सम्प्रेषण, वागीश्वरी** आदि पत्रिकाहरूमा प्रकाशित छन् । वर्णमात्रिक छन्दमा रचिएका विनोदीका कवितामा शृङ्गार, वीर, करुण, शान्त आदि रस एवं उपमा, उत्प्रेक्षा र रूपक आदि अलङ्कारको सम्मिश्रण पाइन्छ । उनका

रचनामा राष्ट्रिय चेत, पेसागत अनुभूति, उन्मुक्तिका स्वरहरू, आदर्श उपदेशात्मकता जस्ता विशेषताहरू रहेकाले यस सङ्ग्रहका कविताहरूमा पनि उक्त विशेषता रहेको पाइन्छ ।

## ३.६.२ गोविन्दराज विनोदीको कविता यात्रा : उत्तरार्ध चरण (२०४८ देखि हालसम्म)

यस चरणमा कवि गोविन्दराज विनोदीको साहित्यिक व्यक्तित्व पूर्वार्धका तुलनामा अझै प्रखर बनेको छ । निरन्तर गतिशील रहेको उनको यो यात्रा फुटकर कवितादेखि खण्डकाव्यको तहसम्म विस्तारित भएको छ । यस चरणमा उनका कविता सङ्ग्रह, गजल सङ्ग्रह बालकविता सङ्ग्रह, प्रबोधक काव्य र खण्डकाव्य कृतिहरू एकपछि अर्को प्रकाशित हुँदै आएका छन् । यस चरणमा प्रकाशित **निर्मम निर्मम घडीहरू** गजल सङ्ग्रह (२०५६), **आँखाका नानी** बालकवितासङ्ग्रह (२०५६) सुबोध र सरल कविताहरू हुन् । त्यस्तै अभिभावक प्रति आदर भाव जगाउँदै बालकविता मार्फत पनि लोकप्रिय रहेका छन् । **छन्दविनोद** (२०५९) मा सत्ताइस छन्दको मिश्रण गरी कविता रचना गरेका छन् । यो छन्दकवितामा रुचि राख्नेका लागि लोकप्रिय कृति हो । **अविश्रान्त** (२०५९) मा प्राकृतिक र हृदय चेतनाको प्रतिबिम्बितता पाइन्छ । यसले कविको प्रौढ अभिव्यक्तिको परिचय दिएको छ । यसमा वर्णमात्रिक छन्द, सौन्दर्यचेतना, युग चेतना परिष्कारवादी चेतना एवं नव स्वच्छन्दतावादी प्रवृत्तिको समेत संयोजन पाइन्छ । यस पछि क्रमशः **हिमस्पर्श** (२०६६) कवितासङ्ग्रह, **अनुपमा धर्ती** (२०६६) परिष्कार काव्य, **सृष्टिमाथि दृष्टि** (२०६६) भूमिका सङ्ग्रह जस्ता कृतिहरू प्रकाशित भएका छन् ।

## ३.७ खण्डकाव्यकार गोविन्दराज विनोदी

गोविन्दराज विनोदी खण्डकाव्यकारका रूपमा प्रकट भएका छन् । जीवनवृत्त, व्यक्तित्वका पाटा, चित्रकार, शिक्षक, समीक्षक, समालोचकका साथै कविताको सिर्जन-धर्मिताका आलोक र परिवृत्तमा यिनको खण्डकाव्यकार व्यक्तित्व समेत प्रकट भएको छ । वि.सं. २०६६ मा प्रकाशित **अनुपमा धर्ती**लाई काव्य मात्र भनिएको र यसको संरचना लघुकाव्यीय रहेकाले **शूर्पणखा** (२०७१) नै यिनको प्रथम प्रकाशित खण्डकाव्य मनिएको पाइन्छ ।

विनोदीले रामायणकी उपेक्षित र अपहेलित नारी पात्र शूर्पणखालाई उसैका नामबाट शीर्षक संयोजन गरी उसप्रति विशेष अनुराग प्रकट गरेका छन् । एक नारीप्रति रामायणकालीन समयमा गरिएको अन्यायको पराकाष्ठालाई तोड्दै काव्यिक न्याय दिलाउन नारीका नैसर्गिक अधिकार, प्रेम, विवाह, पुनर्विवाह, यौन चाहना परिपूर्तिका सम्बन्धमा खुलेर काव्यमा बहस गरेका छन् । एक नारीले समाजका पुराना मूल्य मान्यता, नारीलाई हेर्ने दृष्टिकोणलाई परिवर्तनको माग गरी संस्कारगत मूल्य र संस्कृतिगत मान्यतालाई भत्काउन गरेको विद्रोह र समाजमा नारीप्रति समाजले सम्मान गर्नुपर्छ भन्दै सामाजिक न्याय नारी पुरुषमा बराबर रहनुपर्छ अनि समाज सुधारोन्मुख बाटोतर्फ जोडिन्छ भन्ने आत्मिक प्रेरणाले प्रेरित भएर कवि विनोदीले प्रस्तुत खण्डकाव्यको रचना गरेका हुन् ।

## ३.८ छन्द वा लयगत प्रवृत्ति

कविले **शूर्पणखा** खण्डकाव्यमा मन्दाक्रान्ता र वियोगिनी छन्दको प्रयोग गरेका छन् । सर्गका अन्त्यमा श्लोक छन्द परिवर्तन गर्ने मान्यता अपनाइएको छ । त्यस्तै साङ्गीतिकता र प्रभावमय लय ढाँचाको प्रयोग प्रस्तुत काव्यमा देखिने छन्द वा लयगत विशेषता हुन् ।

## ३.९ निष्कर्ष

नेपाली भाषाको विकास ११औँ शताब्दी तिर भएको देखिन्छ भने नेपाली कविताको थालनी वि.सं. १८३० र खण्डकाव्यको थालनी चाहिँ १८७१ मा भएको पाइन्छ । यसको विकास क्रमलाई हेर्दा रचनाकार र रचनाका आधारमा प्राथमिककाल, माध्यमिककाल र आधुनिककाल गरी ३ चरणमा विभाजन गरिएको छ । प्राथमिक चरणमा आकारका दृष्टिले मात्र खण्डकाव्य मानिन्थ्यो । माध्यमिक कालमा भने लेखोटकालको अन्त्य र प्रकाशनकालको स्वर्ण युग मानिन्छ । खण्डकाव्यमा शृङ्गारिक धाराको नेतृत्व र आख्यानात्मक परिपाटिमा काव्य लेखन सुरु भएको मानिन्छ । यस्तै आधुनिक कालमा परिष्कारवादी धारा, स्वच्छन्दतावादी प्रगतिवादी धारा, प्रयोगवादी धारा र समसामयिक धारा गरी ४ चरणमा विभाजन गरिएको छ । आधुनिक कालको नेतृत्व लेखनाथ पौड्यालको **ऋतुविचार**ले संस्कृत जागरणका साथै भाषिक र वैचारिक स्तरीयताबाट अघि बढेको छ । त्यस्तै स्वच्छन्दतावादी प्रगतिवादी धारा लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** खण्डकाव्य साथै माधवप्रसाद घिमिरे **गौरी**, सिद्धिचरण श्रेष्ठ **उर्वशी** लेखनबाट अगाडि बढेको पाइन्छ । त्यस्तै प्रयोगवादी धाराको

नेतृत्व मोहन कोइरालाले **घइते युग**बाट गरेका छन् भने यस धारामा पूर्वीय काव्यपरम्परालाई उपेक्षा गरिएको पाइन्छ । त्यस्तै समसामयिक धाराको समयमा राष्ट्रिय राजनैतिक परिवर्तन र नयाँ व्यवस्था स्थापना पछि पूर्ववर्ती सबै मोडहरूको मिश्रण र नविनताको खोजी हुँदै सुरु भएको पाइन्छ । यस धारामा समाज परिवर्तन सँगै शान्तिको खोजी, समानता, स्वतन्त्रता, अधिकार, कर्तृव्य, भ्रष्टाचारको भण्डाफोर र मानवताको खोजी गरिएको पाइन्छ । यस समयका रचनाकारहरूमध्ये दिनेश अधिकारी, सरद कुमार राई, राधेश्याम भट्टराई आदि रहेका छन् । यिनैका समकक्षीका रूपमा कवि गोविन्दराज विनोदी पनि परिष्कारवादी, स्वचछन्दतावादी दृष्टिकोणका साथ अघि बढेका पाइन्छन् ।

कवि गोविन्दराज विनोदी कास्की रूपाकोटमा २००९ सालमा जन्मेका हुन् । मितभाषा, शान्त र गम्भीर स्वभावका विनोदी साहित्य र गैर साहित्य दुवै क्षेत्रलाई सँगै हिँडाउन सफल व्यक्तित्व हुन् । कविधर्म निर्वाहसँगै व्यवसायगत रूपमा आठ कक्षा पढ्दादेखि शिक्षण पेसा अँगालेका उनी अहिले क्याम्पसका प्राचार्यका रूपमा सेवा प्रदान गर्दै छन् ।

किशोरकालीन समयदेखि कविता कोरेका उनी वि.सं. २०२१ सालबाट कविका रूपमा चिनिएका हुन् । विभिन्न पत्रपत्रिकामा सयौं कविता प्रकाशन गरी पाँच दशकभन्दा बढी समय साहित्य यात्रामा विताएका उनी २०४७ सालमा **मेरो वर्तमानता** कवितासङ्ग्रह प्रकाशनपछि स्थापित कविका रूपमा परिचय दिए । उनी विशषतः वर्तमान समय, समाज, संस्कार, संस्कृति, मानवतावादी, नारी चेतना, विसंगति र विकृतिको भण्डाफोर, बाल रुची र प्रेरणा, राष्ट्रियता, प्रेम जस्ता समसामयिक क्षेत्रलाई आफ्ना रचनाको आधारभूमि बनाएर कृतिहरू जन्माउँदै छन् । ती कृतिहरूभित्र समेटिएका विषयवस्तुले समाजको र राष्ट्रको उन्नति र विकासका लागि ढोका घच्घच्याउन पुग्छन् । उनी कवितासङ्ग्रह साथै, गजलसङ्ग्रह, प्रबोधक काव्य, बाल साहित्य, छन्द काव्य, समीक्षा, समालोचना सबै क्षेत्रमा सिद्धहस्त मानिन्छन् । यस्तै २०७१ सालमा **शूर्पणखा** खण्डकाव्य रचना गरेर साहित्यमा नौलो आयाम थप्न सफल भए र समसामयिक परिष्कारवादी स्वच्छन्दतावादी धाराको खण्डकाव्यकारका रूपमा समेत स्थापित हुन पुगेका छन् ।

# परिच्छेद : चार

# शूर्पणखा खण्डकाव्यको अध्ययन

# परिच्छेद : चार

# शूर्पणखा खण्डकाव्यको विश्लेषण अध्ययन

## ४.१ शूर्पणखा खण्डकाव्य

**शूर्पणखा** पूर्वीय मिथकमा आधारित खण्डकाव्य हो । यस खण्डकाव्यलाई यहाँ संरचना, कथानक, चरित्र चित्रण, परिवेश, भाषा शैली, उद्देश्य, लय विधान, द्वन्द्व, रस, अलङ्कार आदि तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

## ४.२ संरचना

यो खण्डकाव्य १३ सर्गमा विभाजित छ । प्रत्येक मा शीर्षकको विधान गरिएको छ । *आत्मप्रबोधन, पूर्वस्मृति-१, पूर्वस्मृति-२, पूर्वस्मृति-३, देशदर्शन, पञ्चवटी-१, पञ्चवटी-२, चित्ताकर्षण, प्रणय निवेदन, आत्म विचलन, चुनौती, प्रत्यागमन* र *उपसंहार* यसका सर्गगत शीर्षकहरू हुन् । काव्य ६७ पृष्ठमा विस्तारित छ । यसको परिच्छेदगत संख्या र सर्गहरूको वितरण निम्नानुसार रहेको छ । तालिका नं. १ **शूर्पणखा** खण्डकाव्यको सर्गगत पृष्ठ भूमि संख्या र सर्गको वितरणको स्थितिलाई यस प्रकार देखाउन सकिन्छ ।

| सर्ग | पृष्ठ | जम्मा पृष्ठ |
|---|---|---|
| आत्मप्रबोधन | १-५ | ५ |
| पूर्वस्मृति-१ | ६-१० | ५ |
| पूर्वस्मृति-२ | ११-१५ | ५ |
| पूर्वस्मृति-३ | १६-२० | ५ |
| देश दर्शन | २१-२५ | ५ |
| पञ्चवटी-१ | २६-३० | ५ |
| पञ्चवटी-२ | ३१-३५ | ५ |
| पञ्चवटी-३ | ३६-४० | ५ |
| प्रणय निवेदन | ४१-४५ | ५ |

| | | |
|---|---|---|
| आत्म विचलन | ४६-५० | ५ |
| चुनौती | ५१-५५ | ५ |
| प्रत्यागमन | ५६-६० | ५ |
| उपसंहार | ६१-६५ | ५ |

यसमा बाल्यकाल पूरा गरी भर्खर यौवनावस्थामा प्रवेश गरेकी नायिकाको यौन उन्माद, रहर र चाहनाको प्रस्तुति छ । *आत्मप्रबोधन* यसमा बाल्यकालीन समयको वर्णन गरिएको छ र नायिकामा देखिएको परिवर्तनले स्वयम् नायिका नै अलमलमा रहेकी छ । दोस्रोमा

*पूर्व स्मृति १* छ । यसमा नायिकाका यौवन र उसमा विकास हुँदै गएको बाह्य वातावरण र अन्य कुराहरू युद्धाभ्यास, शास्त्राभ्यास, ज्ञानको विकास सम्बन्धी कुराहरू छन् । चौथो सर्गमा *पूर्वस्मृति ३* छ । यसमा विवाह यौनेच्छा, मधुरात्री, पति मृत्यु, वैधव्यको पीडा छ । पाँचौमा *देश दर्शन* छ । यसमा नायिका पीडा भुल्न मन बहलाउँदै जाने क्रममा वन विहारबाट संसारको वास्तविक सुख खोजी गाउँ, मानववस्ती प्रकृतिको अवलोकन बारे चर्चा छ । छैठौँमा *पञ्चवटी* छ । यसमा सपनामा युवक भेट, सुषुप्त यौन भावना जागृत गराइदिएको उल्लेख छ । सातौँ सर्गमा *पञ्चवटी २* छ, यसमा रामकुटीमा प्रवेश गरेकी नायिका शूर्पणखा रामको दर्शन पाउना साथै प्रभावित बन्न पुगेर विवाहको प्रस्ताव राखेकी छ । आठौँ सर्गमा चित्ताकर्षण छ । यसमा रामले नायिकालाई प्रणय निवेदन लक्ष्मणतिर सार्न लगाएका छन् । त्यो अस्वीकार्य भएको छ । नवौँ सर्गमा प्रणय निवेदन छ । यसमा नायिकाको प्रणय निवेदन अस्वीकृत भएपछि समग्र नारीप्रति नै क्रूद्ध बनेको सम्भिmनु, आफ्नो जातीय अभिमान मात्र नभई जातीय सम्वेदनामा नै चोट पुगेको अनुभव गरेकी छ । सर्ग दशमा *आत्म विचलन* छ । यसमा नायिकाबाट प्रणय निवेदनका लागि अनुरोध पेस गरिँदा अपमान मात्र नभई हार मानेकी र सीतालाई नै आफ्नो अभीष्ट पूर्तिमा बाधक देखेकी छ । एघारौँ सर्गमा चुनौती छ । यसमा अपमानित र लज्जित शूर्पणखाले राम र लक्ष्मणलाई युद्धका निम्ति तयारीमा रहने चुनौती दिएकी छे । बाह्रौँ सर्गमा *प्रत्यागमन* छ । प्रत्यागमनमा बदलाका निम्ति सीताहरणको योजना निवेदन लंकेश्वर तथा रावणसित शूर्पणखाले गरेकी छ ।

अन्तिम खण्ड उपसंहारमा काव्यकारको नारीप्रतिको स्नेह, सम्वेदनाप्रति सचेत समाज संस्कारगत सोचाइमा परिवर्तनको खाँचो औंल्याई सृष्टिकर्ता नारीलाई सम्मान गर्नु पर्ने राय व्यक्त गरिएको छ ।

यस काव्यमा कुल श्लोक २५४ रहेका छन् । सबै सर्गका अलग शीर्षकहरू छन् । पहिलो सर्गदेखि बाह्रौं सर्गसम्म सुरुका सबै श्लोक मन्दाक्रान्ता छन्दका अठार अठार श्लोक श्लोक र अन्तिम उन्नाइसौं श्लोक चाहिँ वियोगिनी छन्दमा रहेको छ । अन्तिम सर्गमा भने मन्दाक्रान्ता छन्दका मात्र २६ श्लोक रहेका छन् । काव्य ६७ पृष्ठ आकारको लम्बाई र चौडाइगत आयाममा फैलिएको छ । प्रस्तुत काव्यमा जीवनको एकाशंलाई झल्काउने आख्यान योजनामा आधारित भएकोले यसको विधागत स्वरूप र आयाम सैद्धान्तिक र मझौला देखिन्छ ।

## ४.३ कथासार

काव्य प्रारम्भ आत्म प्रबोधनबाट भएको छ । सोह्र वर्षे शूर्पणखामा आएका शारीरिक, मानसिक र संवेगात्मक परिवर्तनहरूले यौवनको सङ्केत गरेका छन् । ऊभित्र अनन्त यौन प्यास जागृत छ । ऊ कस्तुरीले झैँ यौवन गन्ध खोज्न भौंतारिएकी छ (आत्मप्रबोधन : श्लोक ९) । लामा नङ, बाक्लो कपाल, स्वर्णभाझैँ मुख भएकी राम्री शूर्पणखालाई आमाले पढ्न ज्ञान हासिल गर्न र युद्धका लागि शास्त्र अभ्यासमा निपुण गराएकी छिन् (पूर्वस्मृति : श्लोक २-३) । शूर्पणखामा भोगवादी चेतना र नास्तिकताको विस्तार हुँदै जान्छ (पूर्व स्मृति १ : श्लोक १२) । शूर्पणखालाई दर्दिलो जवानीभन्दा रहरिलो बाल्यकाल प्रिय लाग्छ (पूर्वस्मृति १ : २, श्लोक १८) । उसमा वीरता भाव छ । रावणले स्वजातीय वरको खोजी गरी शूर्णणखाको विवाह गरिदिएका छन् तर युद्धमा रावणकै हातबाट शूर्पणखाका पतिको मृत्यु हुन्छ (पूर्वस्मृति २ : श्लोक १५) । मधुरात्री पूर्व पतिको मृत्यु भई विधवा बन्न पुगेकी शूर्पणखा यौन भावना कुण्ठित हुन पुगेको छ (पूर्वस्मृति घ : श्लोक १४) । ऊ वैधव्यको पीडाबाट राहत खोज्न वनविहारमा निस्कन्छे । दरवारिया आडम्बरको जीवन शैलीबाट मोडिएर ऊ प्राकृति जीवनशैलीतर्फ आकर्षित हन्छे, मांसाहारबाट शाकाहार बन्छे, भौतिक परिवर्तनभन्दा प्राकृतिक परिवेश र वातावरण उपयुक्त ठान्न पुग्छे (देश दर्शन श्लोक १४) । उसमा सपनामा सुन्दर युवक देखेपछि सुषुप्त रूपमा यौन भावना जाग्रत हुन्छ । संयोगले

रामकुटी छेऊ पुगेकी शूर्पणखा रामलाई देख्नासाथ आकर्षित भई पतिका रूपमा वरण गर्ने चाहना राख्दै आफू अक्षत यौवना भएको कुरा राख्छे (चित्ताकर्षण : श्लोक ११) । समर बिजयी, अस्त्रशस्त्र अभ्यासी, युद्ध गर्न सक्ने साहसी शूर्पणखा आफूलाई शक्तिशाली ठान्दै रामपत्नी सीता लुरी, सोझी र अक्षम रहेको बताउँदै रामलाई आफ्नो प्रस्ताव स्वीकार गर्न अनुरोध गर्छे (चित्ताकर्षण : श्लोक १४) ।

रामले शूर्पणखालाई भाइ लक्ष्मणतर्फ सङ्केत गर्दछन् (प्रणय निवेदन : श्लोक १) । लक्ष्मणलाई प्रणय निवेदन गर्दा विफल भएपछि शूर्पणखा अवाक् हुन्छे । लक्ष्मणले रामलाई नै पुनः अनुरोध गर्न लगाएपछि शूर्पणखा लक्ष्मणलाई आँट नभएको काँतर पुरुषको रूपमा नकार्दै रामसँग प्रेमको भिखारी बन्न पुग्छे (आत्म विचलन : श्लोक ८) । शूर्पणखा युद्ध गर्न सक्ने र आफू रामसँग काँधमा काँध मिलाएर जान सक्ने भएकीले कान्छी रानीका रूपमा स्वीकार्न आग्रह गर्छे (प्रणय निवेदन : श्लेक ९) । प्रणय निवेदन सुनिसकेपछि मुस्कान मात्र दिएका रामलाई हेर्दाहेर्दै शूर्पणखा सीतालाई आफ्नो इच्छापूर्तिको बाधक देख्न पुग्छे (प्रणय निवेदन श्लोक ११) । शूर्पणखाले सीताप्रति सौताको व्यवहार देखाएपछि लक्ष्मणले अपमान र घृणाजन्य भावमा शूर्पणखाको बेइज्जत गर्छन् (आत्मविचलन : श्लोक १७) । तर शूर्पणखा नारीको प्रणय निवेदन पुरुषसँग राख्न पाउने नैसर्गिक अधिकार कुण्ठित पारेको आरोप लगाउँछे (चुनौती : श्लोक २) । समकालीन समयमा बहुविवाहको प्रचलन रहेको हुँदा ऊ आफू कान्छीपत्नी बन्ने चाहना राख्नु जायज नै ठान्छे (आत्मविचलन : श्लोक ८) । रामको दयावन्त र सत्चरित्र मात्र किंवदन्ती रहेको टिप्पणी गर्छे (चुनौती : श्लोक ७) । आफूमाथि गरिएको तिरस्कारको बदला लिने अठोट गर्छे । सीताहरणका लागि दाजु रावणसँग पुग्छे (प्रत्यागमन : श्लोक १४) । यहीँनेर काव्यको कथानक टुङ्गिएको छ र उपसंहार खण्डमा कविको आफ्नो भावना पाइन्छ जसमा नारीजातिको शक्ति र महिमाको सम्मान गर्नुपर्ने र सृष्टिको संरक्षण गर्नुपर्ने भाव व्यक्त गरिएको छ ।

## ४.४ कथानक

कवि गोविन्दराज विनोदीको **शूर्पणखा** खण्डकाव्य पुराणसम्मत सामाजिक यथार्थ विषयवस्तुमा आधारित छ । यसमा एउटी किशोरीको किशोरवय, विवाह, वैधव्य, यौन, प्रेम, यौनकुण्ठा र यौन कुण्ठाले निम्त्याएका समस्या, पुनः विवाह, सामाजिक विद्रोह जस्ता

कुराहरूलाई मूल विषय बनाइएको छ । विभिन्न घटनाक्रमहरूले एउटी राक्षस कुलकी राजकुमारीले पति पाउनका लागि गरेको सङ्घर्षको गाथा छ । समाज र संस्कारका नियम तोड्दै विधवा नारी प्रणय प्रस्ताव राम, लक्ष्मण जस्ता पुरुषसँग राख्न पुग्छे, उनीहरूबाट वहिष्कार भएपछि विद्रोह गरी प्रतिशोधमा युद्धको चेतावनी दिई बदला लिन चाहने हठी र परिवर्तन चाहने नारीको सन्दर्भलाई मूल विषय बनाइएको छ । नेपाली साहित्यमा मात्रै नभई अन्य साहित्य क्षेत्रमा पनि नगरिएको नयाँ आँट विनोदीले यस काव्यमा खलपात्रका मनोदशा र यौन मनोविज्ञानलाई विषयवस्तु बनाएर र उसैका नामबाट शीर्षक चयन गरेर गरेका छन् ।

यसरी क्षीण प्रकृतिको घटनांशलाई अघि सार्दै शूर्पणखाको चरित्र र उसको भोगाइको गतिहीनतालाई नै कथावस्तुको सूक्ष्मआख्यान संरचना आदि, मध्य र अन्त्यका श्रृङ्खलामा अगाडि बढेको छ । प्रस्तुत खण्डकाव्यमा रामायणकी उपेक्षित पात्र शूर्पणखालाई काव्यकारले नायिका नै बनाएका छन् । रामायणकी उपेक्षित पात्र शूर्पणखालाई काव्यकारले नायिका नै बनाएका छन् । रामायणकी पात्र शूर्पणखा किन उपेक्षित भई भन्ने प्रश्नको उत्तरमा काव्य रचना गरिएको छ । विषयवस्तु कपोकल्पित होइन । समाजमा नारीको कस्तो परिस्थिति र परिवेश छ । नारीहरूले कसरी संस्कार संस्कृतिसित सम्झौता गर्नुपर्छ । यहाँ एक सङ्घर्षशील नारी छे । उसको पारिवारिक पृष्ठभूमि उच्च हुँदाहुँदै पनि ऊ कसरी आफ्नै मनोद्वन्द्व र मनोरोगको भुमरीमा फस्छे ? भन्ने विषयमा कथानक अघि बढेको छ ।

**क) आरम्भ**

यस खण्डमा चारवटा उपशृङ्खलाहरू रहेका छन् । *आत्मप्रबोधन, पूर्वस्मृति-१, पूर्वस्मृति-२ र पूर्वस्मृति-३* । आत्म प्रबोधनमा अनन्त यौनप्यासी किशोरी शूर्पणखा कस्तुरीले झैँ यौवन गन्ध खोज्दै भौँतारिनु (आत्मप्रबोधन : श्लोक १-५), आफ्नी आमाबाट नास्तिक र भोगवादी चेतना पाएकी शूर्पणखाले पुरुषले झैँ नारी पनि सबै काम गर्न सक्षम हुन्छन् भन्दै दर्दिलो जवानीको रापभन्दा बाल्यकालीन अवस्था नै रहरिलो र प्रिय हुन्छ भन्ने धारणा बनाउनु (पूर्वस्मृति : श्लोक पृ. ५-१०), साहसी निडर शूर्पणखाले आफूलाई कसैसँग नझुक्ने स्वभावकी नारी चरित्रका रूपमा उभ्याउनु (पूर्वस्मृति : श्लोक १-१५), दाजु रावणबाटै छनोट गरिएको वरलाई पतिका

रूपमा वरण गरी विवाह गरेकै दिन मधुरात्रीपूर्व नै युद्धमा रावणकै हातबाट पति मारिएपछि वियोग गराउने भए किन विवाह गरिदिएको भनी रावण समक्ष शूर्पणखाले प्रश्न राख्नु (पूर्वस्मृति ३, पृ. ३-१६), यो कथानकको आरम्भ भाग हो । यहाँसम्म आइपुग्दा चारवटा उपशृङ्खला समाप्त भएका छन् । यसपछि कथानकमा सङ्घर्ष विकास सुरु हुन्छ ।

**ख) सङ्घर्ष विकास**

सङ्घर्षकै विकास अन्तर्गत पाँचवटा उपशृङ्खलाहरू छन् । चरैवेतिको मूल मर्म अनुसार देश दर्शनमा निस्कनु, दण्डकारण्यको प्राकृतिक सौन्दर्यबाट प्रभावित हुनु, दरबारिया कठोर अनुशासन र प्रकृतिको सरलताको अनुभव र तुलना गर्नु, अयोध्या नरेश पुत्र वनमा छन् भन्ने सुन्नु, भेट्ने, उत्सुकता जाग्नु (देश दर्शन : पृ. २१-२५) । धन र आडम्बरप्रति शूर्पणखाको मोह भङ्ग हुनु, ऋषिमुनिको तपोवनप्रति आकर्षण र मांसाहारी जीवनलाई परित्याग गरी शाकाहारी जीवन अवलम्बन गर्नु, प्राकृतिक रमणीयतामा रम्न चाहनु (पञ्चवटी १ : पृ. २६-३०), सपनामा सुन्दर युवकलाई देखेपछि शूर्पणखाको दमित यौन जागृत हुनु, सपनाले आंशिक चाहना पूर्तिको आभास दिए पनि विपनाले शूर्पणखाको मनलाई दुःखी र मनोरोगी बनाउनु (पञ्चवटी-१, पृ. ३१-३५), शूर्पणखा रामकुटीमा पुग्दा सुन्दर युवक रामलाई देख्नासाथ यौन उन्माद चढ्नु, आफू विजयी विरङ्गना भएकीले सीताजस्ती लुरी पत्नी रामलाई अशोभनीय भएको बताउनु, जे भए पनि आफू अक्षत यौवना भएको जानकारी गराउँदै रामसित प्रणयका लागि अनुरोध गर्नु (चित्ताकर्षण : पृ. ३६-४०), राम एकल पत्नीव्रता भएकोले शूर्पणखाको प्रणय प्यास भाइ लक्ष्मणले पूरा गर्न सक्ने सम्भावना बताउनु, लक्ष्मणले पनि उर्मिला हुँदाहुँदै अर्कीसँग सम्बन्ध जोड्न नचाहनु र रामले नै शूर्पणखाको समस्याको उपाय बताइदिन सक्ने सल्लाह लक्ष्मणबाट मिल्नु (प्रणय निवेदन, पृ. ४१-४५) कथानकसम्म पुगेर सङ्घर्ष विकासको अवस्था समाप्त हुन्छ र यहाँसम्म पुग्दा काव्यका दशवटा उपशृङ्खला समाप्त हुन पुग्दछन् ।

**ग) चरमोत्कर्ष**

यस खण्डमा एउटा मात्र शृङ्खला छ - *आत्म विचलन*। शूर्पणखाको प्रणय निवेदन लक्ष्मणबाट अस्वीकृत हुनु, पुनः रामसँग कान्छी रानी बन्ने चाहना पेस गरिनु, सीतालाई बाधक देख्नु र लक्ष्मणद्वारा अपमान र घृणाले लाञ्छित बनाइनु, समग्रमा शूर्पणखाले नारी जातिप्रतिको आत्मसम्मानको अपमान बोध गर्नु र लक्ष्मणले नारी सम्वेदनाको खिल्ली उडाएकोमा राम लक्ष्मण दुवैसित क्रोधित बन्नु (आत्मविचलन, पृ. ४६-५०) कथानकको चरमोत्कर्ष अवस्था टुङ्गिएको छ । यहाँसम्म आईपुग्दा एघारवटा उपशृङ्खलाको समाप्त भएको छ ।

**घ) सङ्घर्ष ह्रास**

यस खण्डमा शूर्पणखाको प्रणय याचना राम लक्ष्मण दुवैबाट उल्लिविल्ली पारिएको, अपमान र हेला भई रित्तो हात फर्कनु पर्दा दयावन्त र अकलुष महासन्त राम भन्ने भनाइप्रति नै शूर्पणखाले शङ्का गरेकी र प्रतिशोधको ज्वालाले राम लक्ष्मण दुवैलाई युद्धको तयारीमा रहने चेतावनी दिनु (चुनौती, पृ. ५१-५४) सम्मको अवस्था सङ्घर्ष ह्रासको अवस्था हो । यहाँसम्म आइपुग्दा कथानकका बाह्रवटा उपशृङ्खला समाप्त भएका छन् ।

**ङ) उपसंहार**

नारी संवेदना र चाहनाको वेवास्ता गरिएकोमा शूर्पणखाले आफूभित्र जलन भई जीवनमा प्रथम पटक हार महशुस गरी बदलामा सीताहरणका निम्ति रावण समक्ष निवेदन दिनु (प्रत्यागमन : पृ. ५६-६०) सम्मको अवस्था कथानकमा उपसंहारको अवस्था हो । यहाँ आइपुग्दा बाँकी कथानक पुरै समाप्त भएको छ । यस पछि काव्यको अन्त्य सुरु हुन्छ ।

**च) अन्त्यभाग**

खण्डकाव्यको अन्तिममा कविले उपसंहार शीर्षक राखेर पुरुष जातिले नारी जातिप्रति श्रद्धा, सम्मान र सद्भाव राख्नुपर्ने, समाज र संस्कारका पुराना रुढ

मान्यता हटाउनु पर्ने र समान व्यवहार गर्नुपर्ने आफ्नो भावना व्यक्त गरेका छन् । सभ्य र सुसंस्कृत समाज निर्माणमा सृष्टिकर्ता नारीलाई सम्मान र सामाजिक मूल्य प्रदान गर्नु पर्ने कुरामा कविले जोड दिएर काव्य समापन गरेका छन् । यो भाग लेखकीय कथनका रूपमा प्रस्तुत छ ।

यस प्रकार प्रस्तुत खण्डकाव्यको कथावस्तुलाई हेर्दा काव्य नायिकाको बाल्यकाल, किशोरावस्था वौवाहिक अवस्थाको वर्णन, वैधव्य जीवन र त्यसले पारेको प्रभाव, असर, उतार चढाव, वासनापूर्तिका लागि गरिएका प्रयास, राम लक्ष्मणसित राखेका प्रणय प्रस्तावसँगै अघि बढेको छ ।

राम र शूर्पणखा, लक्ष्मण र शूर्पणखा, सीता र शूर्पणखा बीचको त्रिपक्षीय द्वन्द्व तथा सङ्कट पार गर्दा रामजस्ता पुरुषोत्तम, दयावन्त पुरुषबाट प्रणय याचना विफल पारिनुबाट चरमोत्कर्षको स्थिति सिर्जना भएको छ । राम र लक्ष्मणसँग गरिएको प्रस्ताव अस्वीकृत भएपछि सीतासँग समेत प्रतिशोधको अवस्था सिर्जना हुनु लक्ष्मणबाट गरिएको अपमान र अस्मितामाथिको ठाडो हस्तक्षेपले सङ्घर्ष ह्रासको स्थिति सिर्जना भएको छ ।

सहज रूपमा आफ्नो विगत बताउँदा समेत शूर्पणखाका भावनाको वेवास्ता हुनु, युद्ध गर्न निम्तो र चुनौतीको प्रस्ताव लिएर रावण समक्ष उपस्थित हुनु कथानकको अन्त्य हो ।

काव्यान्तमा कवि कथनका रूपमा नारी जाति र नारीको संवेदनशीलता माथि सामाजिक संस्कारले जेलिएका अमानवीय नियम र सोचाइ परिवर्तन गराई संस्कार युक्त समाज निर्माणका पक्षमा आफ्नो अभिमत राख्दै पुरुषजातिले साथ दिनुपर्ने कुरामा कविले आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

## ४.५ चरित्र चित्रण

प्रस्तुत खण्डकाव्यकी शूर्पणखा काव्यकी केन्द्रीय चरित्र हो । राम, लक्ष्मण, रावण, सीता, आमा, भाउजु, विश्रवा, कुम्भकर्ण, विभीषण, कुवेर सान्दर्भिक पात्रहरू हुन् ।

यस खण्डकाव्यको कथानकसित सम्बद्ध मुख्य पात्र शूर्पणखालाई केन्द्रीयपात्रका रूपमा उभ्याइएको र यसैको एकालापीय शैलीमा काव्य अगाडि बढेको छ । कविले राक्षसी पात्र भए पनि शूर्पणखामा पनि अन्य नारी जस्तै थिई, ऊ भित्र पनि नारी मन थियो, नारी शुलभ गुण, नारी सम्वेदना, प्रेम, माया, करुणा, रहर, चाहना, मानवीयता, अतृप्त प्रेमभाव पनि थिए । साथै शूर्पणखा अभिमानी, विद्रोही आँटी, युद्ध अभ्यासी, साहसी, शास्त्राभ्यासी र आक्रोसी पनि थिई । समाज र संस्कारका मान्यताका कारण ऊ भित्रका अभीष्टता पुरा हुन सकेनन् । तिनै नियम र परम्परागत मान्यता चिन्न नसक्दा ऊ प्रताडित कसरी हुन पुगी ? उसको त्यो अवस्थालाई सूक्ष्म रूपमा हेरिएको छ । यसमा नायिकाको आन्तरिक र बाह्य द्वन्द्वलाई मनोबैज्ञानिक रूपमा रोचक र सु-संगठित रूपमा प्रस्तुत गरिएको छ ।

## ४.५.१ शूर्पणखा

प्रस्तुत काव्यमा शूर्पणखा केन्द्रीय चरित्रका रूपमा चित्रित छ । हिन्दु वैदिक सभ्यता, संस्कृति र पौराणिक आख्यानमा शूर्पणखालाई खल पात्रका रूपमा हेरिएको भए पनि प्रस्तुत काव्यमा यसलाई खलपात्रका रूपमा नभई मानवी पात्रका रूपमा हेरिएको छ । ऊ रावणकी बहिनी हो । माता कैकसा र पिता विश्रवाका बीच चलिरहने द्वन्द्वमय पारिवारिक वातावरणमा यसको बाल्यकाल बितेको छ (पूर्वस्मृति, श्लोक ५,६) । ऊ पुरुषभन्दा नारी जाति कुनै कुरामा पनि कम छैनन् भन्ने धारणा राख्छे (पूर्वस्मृति-१, श्लोक १२) । घर, समाज र संस्कारको रुढी परम्परागत कुप्रथाको विरोध तथा विद्रोह गर्ने र नवीन सोंचको विकास गरी नयाँ नियममा हिँड्नु पर्छ भन्ने धारणा राख्छे (पूर्व स्मृति श्लोक १३) । ऊ राजकुमारी भए पनि शास्त्र विद्या सिकेकी, स्वतन्त्र स्वभाव, स्वच्छन्दता प्रेमी, निडर, आत्माभिमानी प्रकृतिकी छ (पूर्वस्मृति १, श्लोक १३) । उसमा ऋषिको यज्ञ भङ्ग गर्ने, युद्ध वीर बन्ने, द्वन्द्वयुक्त क्रियाकलापमा भाग लिने जस्ता गतिविधि वा प्रवृत्तिहरू देखिन्छन् ( पूर्वस्मृति २, श्लोक ४) ।

यो नारीप्रति कविको धारणा हो । शूर्पणखाको चरित्र चित्रणको प्रसङ्ग होइन । यसलाई उद्देश्य वा जीवनदृष्टि शीर्षकमा अनुकूल गर्न सकिन्छ ।

काव्यको सुरुमा नै शूर्पणखामा यौवन र तारुण्यसँगै देखिएका भाव उत्सुकता, विवाहको असीम कल्पना, तीब्र यौनेच्छा, आकांक्षा, छटपटी, मधुरात्री पूर्व नै पतिको मृत्यु ले आहत, प्यासी मनको प्रकटकिरण देखिन्छ (आत्मप्रबोधन २-५) । मानसिक शान्तिका निम्ति बनविहारमा निस्केकी शूर्पणखाभित्र सुषुप्त अवस्थामा रहेको यौनजन्य वासना रामसँग भेट भएपछि ब्युँतिएको छ र रामबाट प्रणयको प्रस्ताव अस्वीकृत भएपछि उसको मन विचलित भै मनोरोगी बनेको छ (आत्म प्रबोधन : १०, ११, १५) । राम-लक्ष्मण दुवैले शूर्पणखाको प्रेम प्रस्तावलाई उपेक्षा गरेपछि चुपचाप आफ्नो बाटो नलागेर युद्ध गर्न तम्सिनु, चेतावनी दिई राम लक्ष्मणलाई युद्धका निम्ति तयारी रहन आग्रह गर्नु, सीतालाई दाजु रावणको सहयोगमा हरणको योजना बनाई प्रतिशोधका लागि तयार हुनु यिनीहरू शूर्पणखाका कमजोरीहरू देखिन्छन् (प्रत्यागमन श्लोक १३, १७, १८) ।

शूर्पणखा स्वभावका आधारमा स्थिर र अडानमा दृढ, मञ्चीय पात्र हो । यो कथानकको सुरुदेखि नै स्वयम् उपस्थित भएर घटनाहरूमा समावेश भएकी छे । आबद्धताका आधारमा यो बद्ध पात्र हो । खण्डकाव्यमा यसको उपस्थिति अनिवार्य छ ।

### ४.५.२ रावण

काव्यमा रावणलाई दानवी प्रकृतिको खल पात्रका रूपमा लिइएको छ । काव्यमा यो युद्धवीर, साहसी र शिवभक्त व्यक्तित्वका रूपमा देखिएको छ (पूर्वस्मृति १, श्लोक ८) । काव्यमा यिनी बहिनी शूर्पणखाका सहयोगी दाजुका रूपमा देखिए पनि दम्भी र घमण्डी प्रवृत्तिका रूपमा चिनिएका छन् । यिनले शूर्पणखाको १६ वर्षकै उमेरमा योग्य वर खोजी बिहे गरिदिएका छन् । युद्धका क्रममा दुर्भाग्यवश यिनको आफ्नै हातबाट ज्वाइँ मारिन्छन् । सौभाग्यरात्री पनि मनाउन नपाउँदै बहिनी विधवा बन्छे । पति मृत्युले आहत बहिनीलाई यिनले राजदूतका रूपमा नियुक्त गर्ने घोषणा गर्दछन् र सान्त्वना दिन्छन् ( पूर्वस्मृति ३, श्लोक १७) । काव्यमा स्वभाव वा प्रवृत्तिका आधारमा यी घमण्डी, दम्भी तथा स्थिर जीवन चेतनाका आधारमा वर्गीय, कार्यका आधारमा प्रमुख, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा रहेका छन् ।

### ४.५.३ आमा

आमा खण्डकाव्यकी नायिका शूर्पणखाकी आमा हुन् । लामा लामा नङ र कपाल पनि लामो भएकीले छोरीको नाम शूर्पणखा रहेको यिनले जानकारी दिएकी छिन् (पूर्वस्मृति-१, श्लोक १) । यिनले देवता मरिसके भन्दै दैवी शक्तिप्रति अविश्वास व्यक्त गरेकी छिन् ( पूर्वस्मृति १ श्लोक ५) । यिनी छोरीलाई शस्त्र विद्या सिक्न प्रेरणा दिने, शिकार गर्ने, हात्ती चढ्ने, बाघ पक्रिनेजस्ता साहसिक कामका लागि आत्मबल बढाउने साहसी आमा पात्र हुन् (पूर्वस्मृति-१, श्लोक ३, ५) ।

यी कार्य वा भूमिकाका आधारमा सहायक, प्रकृतिका आधारमा स्थिर, जीवन चेतनाका आधारमा व्यक्तिगत, लिङ्गका आधारमा स्त्री, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

### ४.५.४ राम

राम अयोध्याका राजा दशरथका ज्येष्ठ पुत्र वनवासी, कर्तव्यनिष्ठ, सरल, निस्वार्थी, त्यागी, वीर, व्यक्ति का रूपमा चित्रित छन् । यी एक पत्नीव्रत, दयावन्त, असल चरित्र, घमण्ड र घृणाको लेस नभएका, गुणी, सदाचारी व्यक्तिका रूपमा चिनिएका छन् (प्रणय निवेदन : श्लोक १) । यी सुन्दरी शूर्पणखाको प्रेम निवेदनलाई अस्वीकार गर्ने उसको जर्बरजस्ती प्रेम आग्रहलाई हाँसी हाँसी टार्ने सम्भ्रान्त वर्गीय चरित्रका पुरुष हुन् (आत्मविचलन : श्लोक ११) ।

काव्यमा कार्य वा भूमिकाका आधारमा राम सहायक पात्र हुन् । स्वभावका आधारमा व्यक्तिगत र विशेष वर्गको प्रतिनिधित्व गरेका छन् । यी मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

### ४.५.५ सीता

सीता अयोध्या नरेश रामकी पत्नी र लक्ष्मणकी भाउजु हुन् । यिनी सरल स्वभाव, रूपवती सुशिल र कोमल हृदय भएकी नारी हुन् । काव्यमा यिनी कामवासनाले बहुलाही झैँ भएकी शूर्पणखाले रामलाई कान्छी रानी बनाउन आग्रह गर्दा होस् वा उसले प्रणय निवेदन पेस गर्दा होस् अथवा आफ्नो रूपको घमण्ड नगर भन्दा होस् केही नबोलिकन चुपचाप

सहन सक्ने सहनशील, निश्छल, भद्र नारी चरित्रका रूपमा देखिएकी छिन् (आत्म विचलन : श्लोक ८, ९, १२) ।

रामजस्तो योद्धाका निम्ति सीताका ठाउँमा शूर्पणखा नै सुहाउँदो पत्नी हुने कुरा शूर्पणखाले सुनाउँदा पनि शान्त मुद्रामा रहन सफल सीता मूकपात्रका रूपमा देखिएकी छिन् (आत्म विचलन, श्लोक १०) ।

## ४.५.६ पति

यी लंका नरेशकी बहिनी शूर्पणखाका पति हुन् । उनी विवाहपछि सौभाग्य रात्री मनाउने तयारीमा रहेका बेला राजाको दूतबाट युद्धमा जाने निम्तो पाएपछि युद्धास्त्र बोकी चुपचाप लडाईमा जाने पात्र हुन् (पूर्व स्मृति-३ : श्लोक १२, १३) । रावणकै हातबाट युद्धमा मारिएका र सहिद बनेका यिनी परिवार, घर र पत्नीभन्दा देश र जातिका प्रति बफादार योद्धाका रूपमा देखिएका छन् (पूर्वस्मृति-३ : श्लोक १४, १५, १६) ।

## ४.५.७ युवक

युवक नायिकाको सपनाको राजकुमार वा यौन उन्मादलाई पुनः जागृत गराउने, आकर्षक र मनमोहक स्वप्न पात्र हुन् । अश्वमा सवार युवक अनुकूल तर सूच्य पात्रका रूपमा रुहेका छन् । अर्धचेतनमा भए पनि प्रेम र यौवनको फूल बनेर नायिकाको मनमा बस्न सफल उद्देश्य प्राप्तिका सन्दर्भमा अनुकूल पात्र हुन् (पञ्चवटी-२ : श्लोक ५, ९, ११) ।

## ४.५.८ लक्ष्मण

अयोध्याका राजा दशरथका पुत्र तथा रामका सहोदर भाइ लक्ष्मण निडर, आज्ञाकारी, दाजुका सेवकका रूपमा देखिएका छन् । यिनले शूर्पणखाको प्रणय आग्रहलाई चतुऱ्याइँपूर्वक पन्छाएर उसको रूप र सौन्दर्यको प्रशंसा समेत गरेका छन् (प्रणय निवेदन : श्लोक १३, १४, १५, १६ र १७) । दाजु रामलाई दोस्रो विवाह गर्न उक्साइरहेकी र भाउजू सीतालाई सौताका रूपमा ईर्ष्या गरेकी शूर्पणखालाई अपमान र घृणापूर्वक बेइज्जत गरी फर्काउने क्रूर एवं अविवेकी पात्रका रूपमा रहेका छन् (आत्मविचलन : श्लोक १४-१८) । यी विचारका

रूपमा स्थिर, जीवन चेतनाका रूपमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय, स्वभावका आधारमा अनुकूल पात्र हुन् ।

## ४.६ परिवेश चित्रण

काव्यकार विनोदीले **शूर्पणखा** खण्डकाव्यमा सामाजिक, आर्थिक, प्राकृतिक, स्थानीय खालको वातावरण, सांस्कृतिक परिवेशको चित्रण गरेको पाइन्छ । यसमा उच्च कुलीन परिवारका सदस्य दरवारिया रवाफका अतिरिक्त नायिका विवाहेत्तर विधवा भएपछि पुरै परिवर्तन भई वन विहारमा निस्केपछि प्राकृतिक वातावरणमा रमेकी छ । नेपाली सांस्कृति अनुरूप बेहुला खोजी विवाह गरिदिएको प्रसङ्ग छ । युद्धको प्रसङ्ग छ, विहे भएकै रात श्रीमती भन्दा राज्यको निम्ति लड्ने योद्धा युद्ध प्रेमी देन्खिन्छ । गाउँ, जनपद, राज्य, गरीब जनता आदिका प्रसङ्गले काव्यमा ठाउँ पाएका छन् । पात्रको उच्च कुल, शिक्षा, चेतना, बौद्धिकता रहेको छ । नयाँ र पुराना सामाजिक मूल्य मान्यता र संस्कार संस्कृति बीच सङ्घर्ष देखिन्छ । नायिका नवीन सोच स्थापिन गर्न सङ्घर्षरत छे । कथाले मागे अनुरूप उच्च स्तरको परिवेश विधान सशक्त रूपमा देखिन्छ ।

प्रस्तुत खण्डकाव्यमा रामायणकालीन समय, वनवनसी जीवनका विविध पक्ष, गाउँ वस्ती, साना-ठूला, धनी-गरीब, दास-मालिक, सुरा-सुन्दरीमा लिप्त राजा, साना-साना जनपद, गरीब जनताले राज्यमा पाएका दुःख, स्वतन्त्रता, प्रगति र न्यायको आशामा बाँचेका मानिसहरू ठूला राज्यले, साना राज्यलाई गरिने शोषण र दमन सहनु पर्ने बाध्यता, अवध राज्य र त्यहाँका राजकुमारका अवस्था, नेपालको सन्दर्भ, प्राकृतिक सौन्दर्यको वर्णन र वर्तमानकालीन समाज राज्य व्यवस्थाको प्रतिच्छायाँ समेत परिवेशका रूपमा प्रतिबिम्बित छ (देश दर्शन : श्लोक १-१८) ।

प्रस्तुत खण्डकाव्य मूलतः यौन मनोविज्ञानको सेरोफेरोमा केन्द्रित छ । सुहाग रात्री पूर्व शूर्पणखाको पतिको मृत्यु, बैधव्य जीवनका पीडा, यौनेच्छाका पक्षहरू यसमा बढी समेटिएका छन् (पूर्वस्मृति ३, श्लोक १५-१८) । राजकीय सुखसयलमा हुर्केकी नायिकाले गाउँ, प्रकृति, खेतीपातीजस्ता पक्षहरूमा देखाएको चासो, धनी र गरीब बीचको असमानता, जनपदका स-साना असमझदारी र जीवनका चुनौतीका बारेमा पनि जान्न चाहेका प्रसङ्गहरू यसमा समेटिएका छन् (पञ्चवटी १, श्लोक ११-१३) ।

## ४.७ उद्देश्य

कवि विनोदीको **शूर्पणखा** खण्डकाव्य पौराणिक विषय वस्तुमा आधारित भई पौराणिक पात्रकै प्रयोगले आधुनिक जीवनको झलक दिदै नारी मनका अर्न्तद्वन्द्व केस्रा केस्रा गरी केलाएको पाइन्छ । कविले कहिले शूर्पणखा बनेर रामलाई प्रेम प्रस्ताव राख्न लगाउँछन् त कहिले राम बनेर लक्ष्मणलाई प्रेम प्रस्ताव सारिदिन्छन् र आफू तटस्थ बस्छन् । जीवनको कर्ममयतालाई स्वीकार गर्दै नैतिकताको बचाउ गरी परम्परा थाम्छन् । नारी मनका वास्तविक वृत्ति, नैतिक तथा नैसर्गिक अधिकारप्रति सचेतताका साथ प्रत्याभूति दिलाउँदै यिनले आफै सङ्घर्ष गर्नुपर्ने पाठ सिकाउँछन् । यसमा रामलाई विजय र शूर्पणखालाई पराजय देखाए पनि दुवैमा मानव मनको मनोद्वन्द्वको उपज रहेको परिस्थिति देखाएका छन् । जीवन सफता र असफलता दुवै एकै सिक्काका दुई पाटा हुन् । मानव स्वभावैले स्वार्थी हुन्छ । आफ्ना जैविक चाहना परिपूर्तिका निम्ति मनमा चलेका द्वन्द्व नै शूर्पणखाको मनोवृत्तिगत मनोद्वन्द्व हो । जीवन द्वन्द्वमय छ । जीवनमा सङ्घर्ष जरुरी हुन्छ । संघर्षले जीवन खारिन्छ भन्दै जीवन दृष्टिको उत्कृष्ट प्रयोग रहेको छ ।

**शूर्पणखा** खण्डकाव्य रामायणकालीन समय र सन्दर्भको पृष्ठभूमिमा संरचना गरिएको छ । रावणकी बहिनी शूर्पणखामा लागेको आरोपका सन्दर्भबाट नारीको यौवन सुलभ यौन मनोरोगको उद्घाटन गर्ने उद्देश्यबाट कवि विनोदी प्रस्तुत काव्यको रचनाका निम्ति अगाडि सरेका हुन् । एउटी राजकुमारीले यौन कामनाको अभिलाषा प्रकट गर्दा, कुनै किसिमले त्यसको प्रस्ताव अगाडि बढाउँदा उसलाई किन लाञ्छित र दण्डित तुल्याइयो ? उसले आफ्नो किशोर वय, विवाह र वैधव्य जीवनलाई कसरी भोगेकी थिई ? कवि विनोदीले यसमा शूर्पणखाको अभिमान, क्रोध, आक्रोश, प्रतिशोधजस्ता सम्वेदनशील स्वभावलाई समेत समुचित व्यवस्थापन गरेका छन् ।

यस काव्यमा शूर्पणखाको प्रणय जीवन यात्रालाई आधार बनाएर कवि विनोदीले नारी प्रेम र यौनसम्बन्धी आफ्ना विचार तथा दृष्टिकोणहरूलाई प्रस्तुत गरेका छन् । प्रसङ्गतः यसमा कविको राष्ट्रवादी चिन्तन, मानवतावादी दृष्टिकोण, सामाजिक तथा परम्परागत विभेद, स्वअस्तित्वको खोज, स्वतन्त्रता, नारी संवेदना, मानव मूल्य र अधिकार सम्बन्धी दृष्टिकोणहरू पनि यसमा प्रकट भएका छन् । कतिपय प्रसङ्ग र सन्दर्भले परम्परागत

सामाजिक मान्यता, संरचना र मूल्यप्रति विद्रोह र परिवर्तनको खाँचो औँल्याएको छ भने कतिपय ठाउँमा आधुनिक दृष्टिकोण, मूल्य  र त्यसको स्थापनामा जोड दिनुपर्ने कुरालाई प्रस्तुत गरिएको छ (पूर्वस्मृति-१ : श्लोक १३) ।

युगका दुन्दुभी, विश्व परिवेश, नवयुगीन संस्कारगत सामाजिक मूल्य मान्यता धारणा र आवश्यकतासम्बन्धी अवधारणाहरू पनि काव्यमा नायिका शूर्पणखाका माध्यमबाट प्रकट गरिएका छन् ।

## ४.८ कथन पद्धति

**शूर्पणखा** खण्डकाव्यमा काव्यकार विनोदीले 'म' पात्र मात्र आत्मकथनात्मक एकालापीय सम्वादमा बढी सहभागी भई बोलेको देखिन्छ । कतै कतै सहायक र गौण पात्रले पनि केही ठाउँ भने पाएका छन् । आफ्नो स्वभाव, प्रवृति र हैसियत अनुरूप संवाद बोलेर आफ्नो चरित्र आफै अभिव्यञ्जित गरेका छन् भने कुनै पात्र मौन बसेर चरित्र पाएका छन् । एकालापीय/आत्मालापीय संवादविधानबाट वर्णनात्मक शैली संवादतर्फ फड्को मारेको छ ।

यसप्रकार प्रस्तुत खण्डकाव्यमा एकालापीय शैलीमा म पात्रको उपस्थिति छ । खण्डकाव्यकार म पात्रका माध्यमबाट पूरै संवेदनाका साथ अभिव्यक्त भएका छन् । काव्यमा राम, लक्ष्मणलाई सम्वाद गर्ने मौका समेत दिइएको छैन । उनीहरू सूच्य वा नेपथ्य पात्रका रूपमा चर्चाका विषय बनेका छन् । मञ्चीय पात्रको कम प्रयोग भएको छ । कविले विशेषतः काव्य नायिकाको चरित्र चित्रण निकै मनोयोगपूर्ण रूपमा गरेका छन् । यसमा सीतामाथि सौता बन्न खोज्दा शूर्पणखालाई सीताले केही नबोली बस्नु र लक्ष्मणले बेइज्जत गर्नु केही अस्वाभाविक देखिए पनि आदर्श संस्कारको बचाउ गरिएको छ  । मञ्चीय पात्रको कम प्रयोग, प्रमुख पात्र पात्राका माध्यमबाट विचार प्रस्तुति जस्ता पात्र प्रयोगगत विशेषताहरू यसमा देखिएका छन् ।

यस खण्डकाव्यमा शैक्षिक चेतना बौद्धिक र उच्च कुलीन पात्रहरूका आधिक्य पाइन्छ । काव्य नायिका राक्षसकुलकी राजकुमारी हुन् । उनले विधवा जीवनको प्राताडनापछि परिवर्तन भै सरल र प्राकृत जीवनशैली अवलम्बन गरेको देखिन्छ । सहायक पात्र राम पनि दरबार छोडी वनवासी जीवनमै रहेको पाइन्छ । यहाँ शासकीय चिन्तन र

व्याख्या भन्दा पनि समाज, सामाजिक संस्कार, संस्कृति मूल्य मान्यतासँग विमति र सङ्घर्ष चलेको छ । नायिकाले आफ्ना चाहना अनुसार नैसर्गिक रूपमा अधिकार माग गरेकी छे विवाहित पुरुष राम, एकल पत्नीव्रत हुँदा हुँदै विवाह गरी कान्छी बन्न तम्सिनु वा पुनर्विवाह गर्न खोज्नु क्रान्तिकारी चेत देखिन्छ । राम यसमा मौन रहेका भेटिन्छन् । नायिका नयाँ सोचका साथ समाज परिवर्तन, संस्कार परिवर्नत, मान्यता परिवर्तन गरी नारी चिन्तन र आदर्शवादी विचारको स्थापना गर्न पुराना मान्यताको विरोधमा उत्रिएकी पाइन्छे । सम्मानित र आदर्श जीवन जिउने नैतिक सन्देश नै केन्द्रीय कथ्य रहेको पाइन्छ ।

यस काव्यमा कविले आत्मलापको कथन पद्धतिलाई उपयोग गरेका छन् । काव्यमा वर्णित विषयवस्तुको अभिव्यक्तिका लागि आत्मालापलाई प्रमुख माध्यम बनाइएको छ । काव्यमा उपस्थित सम्पूर्ण पात्रहरूको परिचय स्वयम् नायिका शूर्पणखाको आत्मकथनबाट गराइएको छ । काव्यमा कतिपय प्रसङ्गमा कविले आफ्नै तर्फबाट समेत अभिव्यक्ति प्रकट गरेका छन् (चित्ताकर्षण : श्लोक ६, ७, ११, १९) । काव्यको प्रस्तुति मूलतः कविनिबद्धवक्तृ पौढोक्ति र अंशतः कवि प्रौढोक्तिमा आधारित छ (सम्पादकीय लेख : पृ. १) । शूर्पणखाको आत्मालाप वा एकलापले समाख्यानको स्वरूप प्राप्त गरेको छ (पृ. ७) ।

यस **शूर्पणखा** खण्डकाव्यमा शैक्षिक चेतना र बौद्धिक उचाइका कुलीन पात्रको आधीक्य भेटिन्छ । काव्यनायिका राक्षस कुलकी राजकुमारी भएर पनि युद्ध, शास्त्र, शैक्षिक क्षेत्रमा निपुण छ । राजकुमारीको विवाहेतर वैधव्य जीवन का प्रताडनापश्चात् पूर्णरूपमा परिवर्तन भै शाहाकारी, प्राकृत जीवन शैलीमा अनुवन्धित छ । सीता, राम, लक्ष्मण पनि वनवासमा नै वस्ने हुँदा प्राकृतिक जीवन शैलीमा नै व्यस्त रहेका छन् । यसमा शासकीय चिन्तन र व्याख्या भन्दा पनि समाज, प्रेम, जीवन, संस्कार संस्कृतिका मूल्य परम्परागत मूल्यको विरोध नयाँ मूल्य स्थापनाका बीचको विमतिको बीच सङ्घर्ष पाइन्छ । नायिकाले आफ्नो नैसर्गिक अधिकारको माग गर्छे, विवाहिता र वैधव्य जीवनका खातिर नयाँ जीवन र पति चाहना गरी राम लक्ष्मणसँग प्रणय प्रेमको भीक माग्छे । एकल पत्नीव्रत रामलाई पुनः विवाह गर्न अनुरोध गर्दै कान्छी बन्ने चाहना राख्ने र सीतालाई बाधक तथा सौताका रूपमा देख्नु, ऊ सामाजिक सांस्कृतिक विद्रोह तथा क्रान्तिकारी परिवर्तन चाहने सचेतक पात्रका

रूपमा देखिन्छे । यसमा राम, लक्ष्मण संकार बचाउमा लाग्छन् भने सीता मौन देखिन्छिन् । 'म' पात्र मात्र संस्कारगत मान्यता परिवर्तन तिर लाग्दा ऊ असफल देखिन्छे । अन्त्यमा काव्यकारले उसलाई नैतिक समर्थन गर्दै दूरदर्शी एवं क्रान्तिकारी परिवर्तन गर्न समाजसँग अनुरोध गर्छन् । सृष्टिकर्ता नारीको सम्मान, आदर्श जीवनको स्थापना समाजमा नवीन सोचको विकास आवश्यक रहेको तथ्य केलाउँदै सबै आजको समयका शूर्पणखाहरू आफ्नो अधिकारका लागि सङ्घर्ष गर्नुपर्ने दृष्टिगत केन्द्रीयता वा केन्द्रीय कथ्य रहेको छ ।

## ४.९ द्वन्द्व विधान

कवि विनोदीको **शूर्पणखा** खण्डकाव्यमा 'म' पात्र आफ्नै मनोद्वन्द्वमा बढी केन्द्रित छ । केही मात्रमा परम्परागत सामाजिक मूल्य मान्यता र संस्कारगत द्वन्द्वमा पनि अल्झिएको छ । नायिका सामाजिक मूल्य र सामाजिक आदर्शका पक्षबाट नयाँ मूल्य र मान्यताको विकास गर्न अभिप्रेरित भै गतिशील द्वन्द्वको आह्वानमा अनुबन्ध भएकी छे । यस काव्यमा शूर्पणखा, राम, लक्ष्मण र सीतासित परम्परागत द्वन्द्व तोड्न र आफूभित्रको मनोद्वन्द्वबाट अनुप्रेरित हुँदै नारीको संवेदित पक्ष नैसर्गिक अधिकारका बीचको सशक्त द्वन्द्वमा भेटिन्छे । एकातिर संस्कारगत द्वन्द्व र अर्कातिर मनोद्वन्द्वको वीचबाट सफल र सबल किसिमले द्वन्द्वको ध्रुवीकरण भएको छ । नायिकाको द्वन्द्व नै केन्द्रीय द्वन्द्व भएको छ । प्रमुख पात्र नै यसरी द्वन्द्वमा रुमलिएर द्वन्द्वकाव्यमा प्रभावकारी रूपमा रहेको छ । द्वन्द्वसचेत काव्यकार द्वन्द्व व्यवस्थापनमा उपयुक्त रूपमा स्थापित भएका देखिन्छन् ।

नारीका सामाजिक मूल्य र सामाजिक आदर्शका पक्षबाट द्वन्द्व गतिशील बनेकोछ । शूर्पणखा, राम, लक्ष्मण र सीतासितको द्वन्द्वमा चित्रण हुनु, नारीका सम्वेदित पक्ष र नैसर्गिक अधिकारका पक्षबीचको द्वन्द्व हो जसलाई संस्कारक द्वन्द्व मान्न पनि सकिन्छ । यसमा सामाजिक मूल्य  मान्यता वीच सनसनि पूर्ण र सशक्त साथै प्रभावकारी द्वन्द्व चलेको छ । द्वन्द्वको ध्रुवीकरण नायिकाको मनोद्वन्द्वमा केन्द्रीत छ । प्रमुख पात्र नै यसरी द्वन्द्वमा रुमलिएर द्वन्द्वकाव्यमा प्रभावकारी रूपमा रहेको छ । द्वन्द्व सचेत कवि द्वन्द्व व्यवस्थापनलाई सशक्त रूपमा प्रस्तुत गरेका छन् ।

यस काव्यमा दुई थरी द्वन्द्वहरू छन् आन्तरिक र बाह्य हुन् । आन्तरिक द्वन्द्व मनोद्वन्द्व हो । काव्यका सहायक पात्रहरू बीच जस्तै राम, लक्ष्मण, सीता र समाज तथा मानव, मानवेतर पक्ष सित चलेको द्वन्द्व बाह्य द्वन्द्व हो । यसमा आन्तरिक द्वन्द्व सशक्त हुँदा हुँदै पनि साँस्कृतिक, सामाजिक, मूल्य र मान्यतासँग नारी र नारी संवेदनालाई हेर्ने संस्कार विरुद्ध गरिएको प्रस्तुतिका क्रममा बाह्य द्वन्द्व पनि प्रभावकारी देखिएको छ । आन्तरिक द्वन्द्वका रूपमा शूर्पणखाले बाल्यकालीन सुखको रहरिलो पनबाट किशोरावस्थाको रापिलो र दर्दिलो जवानीले जीवनमा ल्याएका उतार चढावको अनुभव गरेकी छ (पूर्वस्मृति-१ : श्लोक १८) । शारीरिक, मानसिक, संवेगात्मक रूपमा भएको कैशोर्यकालीन परिवर्तनसँग यौन चाहना, रहर, जिज्ञासा, विवाह, पतिकामना आदि स्त्री सुलभ गुण हुन् (पूर्वस्मृति-३, पृ. ९, १०, ११ र १२) । यी आन्तरिक द्वन्द्वसित सम्बन्धित छन् ।

विवाह पछि मधुरात्रीपूर्व पति मृत्युबाट विक्षिप्त भै भित्री मनका यौनेच्छा पुरा हुन नपाएपछि पुनः पतिकामनाका लागि गरिएका प्रयास नै मनोद्वन्द्व तथा द्वन्द्वका प्रमुख कारण हुन् (चित्ताकर्षण-२ : श्लोक १७-१८) ।

नायिकाले रामसँग प्रणय प्रस्ताव राख्दा लक्ष्मणतर्फ सारिनु र लक्ष्मणले अस्वीकार गरेपछि उसभित्र बाह्यद्वन्द्व सक्रिय हुन थाल्दछ । लक्ष्मणले रामसित नै विवाह प्रस्ताव राख्न पठाएपछि पुनः रामकी कान्छी रानी बन्ने चाहना प्रकट गर्दा रामबाट कुनै समाधान पाउँदिन । यस्तो अवस्थामा उसको नारीमन सीतालाई बाधक ठान्दै सौताको रूपमा हेर्न थाल्छ (आत्मविचलन श्लोक, १२, १३) । काव्यमा यो अवस्थामा बाह्य द्वन्द्व सिर्जना भएको छ। आन्तरिक र बाह्य दुवै किसिमका द्वन्द्वहरूको अभिव्यक्ति भएकाले काव्य बढी नै कौतूहल पूर्ण र प्रभावकारी बनेको छ ।

## ४.१० भाषाशैली

काव्यमा सरल र सुबोध तत्सम शब्दहरूको प्रयोग छ । झर्रा नेपाली शब्दहरूको कम प्रयुक्ति छ । काव्यमा आत्मलापीय विश्लेषणात्मक शैली प्रयोग भएको छ । पद्यलयात्मक शैली लाई अभिव्यक्तिको माध्यम बनाइएको छ ।

प्रस्तुत खण्डकाव्यको भाषाशैली जति सरल छ त्यति नै तरल एवम् रागात्मक र व्यञ्जक छ । अनुप्रासको राम्रो प्रयोग छ (शू. पृ. द-ञ) । पारिष्कारयुक्त शैलीशिल्पको संयम र सजगता छ । श्रुतिमधुर, कर्णप्रिय र लालित्य युक्त, रागात्मक शब्द चयन र संयोजनका कारण प्रस्तुत काव्यको शैली-सौन्दर्ययुक्त बनेको छ (शु : पृ. ञ) । काव्यमा भाव र भाषाको संयोजनको आदर्श मानक फेला पर्छ (शू, पृ. ञ) । यसमा शब्द र अर्थतहका विभिन्न अलङ्कार तथा विविध किसिमका विम्ब प्रतीक खण्डकाव्यको भाषा सौन्दर्यमय, प्रौढ प्राञ्जल बनेको छ ।

## ४.११ लय विधान

**शूर्पणखा** खण्डकाव्यमा मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । उपसंहार खण्डबाटै शेष सबै खण्डको अन्त्य वियोगिनी छन्दका एकेक श्लोकबाट गरिएको छ । **शूर्पणखा** खण्डकाव्य मूलतः छन्दोबद्ध खण्डकाव्य हो । मन्दाक्रान्ता छन्दमा १७ वर्ण/अक्षर रहन्छन् । यसमा म भ न त त गु गु लक्षण हुनुपर्छ । यस छन्दमा ४, ६ र ७ वर्णमा यति (विश्राम) हुन्छ । त्यस्तै अर्को वियोगिनी छन्दको पनि यस खण्डकाव्यमा प्रयोग भएको छ । यसमा पदान्तमा यति हुनुपर्छ । विषम पाउ १०/१० वर्ण र समपाउमा ११/११ वर्ष संरचित हुन्छ । यी दुवै छन्दले यस खण्डकाव्यको लयविधान उत्कृष्ट रहेको छ ।

## ४.१२ शीर्षकीकरण

प्रस्तुत काव्यको शीर्षक **शूर्पणखा** राखिएको छ । संस्कृत भाषाको 'शूप' शब्दले नेपालको तराईतिर र भारतको प्रायः सम्पूर्ण उत्तर भागतिर चामल, दाल, गहुँ आदि निफन्न प्रयोग गरिने नाङ्लोलाई जनाउँछ । जसलाई कतै 'सुप', 'शुपा' वा 'सुपो' पनि भनिन्छ । 'शूर्पणखा' शब्दले अभिधार्थमा त्यही सुप वा 'शूपा' बाट शुपा जत्रै लामा र चेप्टा नङ भएकी वा लामा नङ पाल्ने नारी भन्ने अर्थलाई बुझाउँछ । रावणकी बहिनीका नङ पनि त्यस्तै सूपा जस्ता लामा भएकाले त्यही गुण र लक्षणअनुसार उसको नाउँ नै शूर्पणखा राखिएको हुनसक्छ (शू, छ-ज) ।

व्यक्ति विशेषको चारित्रिक वैशिष्ट्य विशेषतालाई झल्काउने गरी पात्रसँग सम्बन्धित शीर्षक चयन गरिएको छ । नायिकाले आफ्नो अभीष्ट पूर्तिका निम्ति समाजसँग सांस्कारिक नियम विरुद्ध सङ्घर्ष गरेकी छ । शीर्षक र चरित्रको सङ्घर्षको तालमेल सघन छ । शीर्षक

सार्थक छ । केन्द्रीय चरित्रको वैशिष्ट्यलाई झल्काउने गरी पात्रसँग सम्बन्धित शीर्षक चयन गर्नु कवि विनोदीको शीर्षक विधानगत विशेषता देखिन्छ ।

## ४.१३ रसभाव

काव्यकार **शूर्पणखा** खण्डकाव्यमा करुणरस अंगीरसका रूपमा प्रस्तुत गरी परिपूरक अङ्ग रस भावका रूपमा श्रृङ्गार, वीर तथा उत्साह, भय, क्रोध, रति जस्ता भाव प्रभावकारी रूपमा व्यवस्थापन गरेका छन् । करुण रसलाई महत्वकासाथ अङ्गी रस भावका रूपमा प्रयोग र अन्य रसलाई कथावस्तुको माग र आवश्यकता अनुसार व्यवस्थित पार्नु नै विनोदीको प्रमुख प्रवृत्ति हो । रसको समुचित रूपमा संयोजन र स्वभाविकताको स्वच्छन्द रखाइले काव्य सुन्दर र मनमोहक देखिन्छ ।

यस खण्डकाव्यमा विभिन्न रसहरूको प्रयुक्ति छ । यसमा करुण रसलाई अङ्गी रसको स्थान प्राप्त छ र यसमा शृङ्गार, वीर, रौद्र, भयानक र शान्त रसको पनि अभिव्यक्ति छ ।

शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक अङ्गी रस र अन्य अङ्ग रसका रूपमा अभिव्यक्त हुनुपर्छ । जीवन समग्रताको अभिव्यक्ति खण्डकाव्यमा हुने हुँदा रस समग्रता पनि अपरिहार्य हुन्छ (अवस्थी २०६४ : २३) । **शूर्पणखा** खण्डकाव्य करुण रस अंगीरसका रूपमा प्रस्तुत गरी परिपूष्ट अङ्ग रस भावका रूपमा श्रृङ्गार वीररस तथा उत्साह, भय क्रोध, रति जस्ता भावका प्रभावकारी विधान गरिएको छ । करुण रसलाई महत्वका साथ अङ्गी रस भावका रूपमा प्रयोग गर्नु अन्य रसभावलाई कथावस्तुको माग र आवश्यकतानुसार यथास्थानमा समुचित संयोजित गर्नु स्वभाविकताको स्वच्छन्द रखाइ नै विनोदीको अभिव्यक्तिगत कुशलता हो ।

### ४.१३.१ शृङ्गार रस

माला लाएँ शिर नत गरी 'जिह्वज्यू' का गलामा  
यौटा नौलो विषय थपियो जिन्दगी-शृङ्खलामा  
पैह्रैं माला मृदुल उनका बाहुको स्पर्श पाई  
लाग्यो साह्रै सुखद पल त्यो जिन्दगीमा मलाई

(पूर्वस्मृति ३, पृ. १८)

प्रस्तुत उदाहरणमा विद्युज्जिह्वप्रति नायिकाको अनुराग देखिएको छ । जिह्व आलम्वन विभाव, नायिका सँगको वातावरण र बहुपासको स्पर्श उद्दीपन विभाव हुन् । जिह्वलाई प्राप्त गर्ने अभिलाषा अनुभाव हो । यसमा शृङ्गार रस अभिव्यक्त भएको छ ।

## ४.१३.२ करुण रस

दाजैबाटै प्रिय पति कठै ! युद्धमा मारिएछन्
सुन्दा मेरो मुटु हुन गयो रोपिएझैं सियो झन्
दौडें, दाज्यैसित अनि भनें, खूब रोएर, 'दाइ !
मार्नैलाई पति किन हिजै सुम्पिएथ्यौ मलाई ?

(पूर्वस्मृति ३ : श्लोक १५, पृ. १९)

यहाँ शोक स्थायी भाव, प्रिय वस्तुको वियोग भएपछि सृजित करुणाको अभिव्यक्ति छ । यसमा शूर्पणखा आश्रय, प्रिय पति आलम्बन, प्रिय स्मृतिवाट गरिने विलाप, रुनु, अनुभाव र दाज्युसँग गई गुनासो पोख्ने काम, व्यभिचारी भावमा करूण रस परिपुष्ट देखिन्छ ।

## ४.१३.३ हास्य रस

मैले धेरैपटक ऋषिको यज्ञ तोडी हिँडेथेँ
हिँड्दा-हिँड्दै मन-लहडको मार्ग मोडी भिडेथेँ
भन्थे कोही ऋषि त विचरा 'बक्सियोस् प्राण नासो'
सम्झी ऐले पनि मनमनै उठ्छ अत्यन्त हाँसो ।

(पूर्वस्मृति २ : श्लोक ४, पृ. १२)

प्रस्तुत श्लोकमा हाँसो स्थायी भाव हो । ऋषिका यज्ञ वा आश्रम आलम्बन, यज्ञ तोड्ने काम उद्दीपन विभाव, ऋषिहरूले प्राणको भिक्षा माग्नु अनुभव र शूर्पणखाले त्यो सम्झेर हाँस्नु व्यभिचारी भाव रहेकाले यसमा हास्य रस प्रयुक्त भएको पाइन्छ ।

### ४.१३.४ वीर रस

मैले चाहेजति-जति कुरा, हात पारेर छोडेँ
ठूला यौद्धासित पनि लडी गर्व झारेर छाडेँ
जित्दै आएँ समय वयका हार कैल्यै नखाई
हिँड्थे जैले पनि समरको प्यास आफैँ जगाई

(पूर्वस्मृति २ : श्लोक ६, पृ. १२)

यस श्लोकमा वीर योद्धा आलम्बन विभाव, अक्षिप्त युद्धको वातावरण उद्दीपन विभाव, शूर्पणखाको समर आकांक्षाले लड्न हिँड्ने अनुभाव, युद्ध विषयक उत्साह स्थायीभाव भई वीर रस बनेको छ ।

### ४.१३.५ शान्त रस

छैनन् व्याधा, सब वनचरा उड्दछन् यी स्वतन्त्र
फैलेजस्तै छ ऋषिकुलको शान्तिको मूलमन्त्र
खेल्छन् सारा वनचर यहाँ छैन भैँ वैरभाव
आ-आफैमा रमित सबको क्या अनौठो स्वभाव !

(पञ्चवटी १ : श्लोक २, पृ. २६)

प्रस्तुत श्लोकमा ऋषि स्वरूप आलम्बन विभाव, वैरभाव नभएको चरा स्वच्छन्द रूपमा उड्ने उद्दीपन विभाव, जपिएको मूलमन्त्र तपस्या अनुभाव, उद्देश्य वा परमात्मा निमग्न स्थिरता आदि व्यभिचारी भाव निर्वेद स्थायी भावमा शान्त रस पाइन्छ ।

### ४.१३.६ रौद्र रस

त्यस्सै त्यस्सै कटकट हुँदै दन्त मेरा किटिन्छन्
आँखा राता भररर दुवै सल्किँदा गोल बन्छन्
अग्निज्वाला दमन नहुने, क्रोधको फैलिएर
भस्मै पारूँ त्रिभुवन स्वयं प्यास आफ्नै पिएर

(प्रत्यागमन : श्लोक १५, पृ. ५९)

प्रस्तुत श्लोकमा क्रोध स्थायी भाव शत्रु आलम्बन विभाव, दन्त कटकट उद्दीपन विभाव, आँखा राता हुनु, व्यभिचारी भाव, भस्मै पार्ने अभिप्राय अनुभाव आदि व्यभिचारी भाव नै स्थायी भाव जो यसै रौद्र रसमा पाइन्छ ।

## ४.१४ अलङ्कार विधान

खण्डकाव्यकार विनोदीले **शूर्पणखा** खण्डकाव्यमा शब्दालङ्कार र अर्थालङ्कार दुवैकोप्रयोग गरिएको छ । शब्द अन्तर्गत विभिन्न किसिमका अनुप्रास अलङ्कारको विशिष्ट प्रयोग पाइन्छ । अलङ्कार अन्तर्गत उपमा रूपक, उत्प्रेक्षा, श्लेष, शङ्कर,अतिशयोक्ति, दृष्टान्त आदिको प्रयोग सघनता र सशक्त रूपमा उच्च स्तरमा प्रयोग भएको पाइन्छ । अलङ्कारको सौन्दर्यमय जादू र कलात्मक प्रस्तुतिले कृतिकारको अलङ्कारगत प्रवृत्ति खुलेको छ ।

कवि गोविन्दराज विनोदीको खण्डकाव्य **शूर्पणखा**मा शब्दालंकार र अर्थालङ्कार दुवैको प्रयोग गरिएको देखिन्छ । शब्द अन्तर्गतका विभिन्न किसिमका अनुप्रास अलङ्कारको विशिष्ट प्रयोग पाइन्छ । अलङ्कार अन्तर्गत उपमा रूपक, उत्प्रेक्षा, श्लेष, सङ्कर, अतिशयोक्ति, दृष्टान्त आदिको प्रयोग सघन, सशक्त र उच्चस्तरको देखिन्छ । अलङ्कारको सौन्दर्यमय र कलात्मकता प्रदान गर्नु कृतिकारको आसय रहेको पाइन्छ ।

प्रस्तुत खण्डकाव्यमा शब्दालङ्कार, अन्त्यानुप्रास छेकानुप्रास, श्रुत्यानुप्रास तथा यमक अलङ्कार उपयोग भएको छ ।

### ४.१४.१ शब्दालङ्कार

प्रस्तुत खण्डकाव्यमा श्रुत्यनुप्रास छेकानुप्रास, अन्त्यानुप्रास वृत्यनुप्रास आदि अलङ्कारको प्रयुक्ति भेटिन्छ ।

#### ४.१४.१.१ श्रुत्यनुप्रास

के सम्झूँ खै कति-कति कुरा गुप्त छन् देखिँदैनन्
के लेखूँ खै कति-कति कुरा लुप्त छन् लेखिँदैनन्

सम्झैँ जो-जो अलिकति भनैँ बाल्यकालीन बात
भाग्छन् जस्तो सकल सपना आउँदामा प्रभात ।

(पूर्वस्मृति २ : श्लोक १८, पृ. १५)

यस श्लोकमा क्रमशः के, खै, जे जस्ता वर्ण कण्ठस्थान र तालु स्थानमा वात, प्रभात, आवृत भई पद्यमा श्रुति मधुरता थपेका छन् । यसमा श्रुत्यनुप्रास भएको छ ।

### ४.१४.१.२ वृत्त्यानुप्रास

हेर्थेँ राती जब रहरिँदै सिन्धुमा इन्दुलाई
ठान्थेँ हेरूँ अब म कसरी इन्दुमा सिन्धुलाई
सारा सृष्टिस्थिति-विलयको रूप हो सिन्धुजस्तो
लाग्थ्यो आफू पनि त म फगत् सिन्धुमा बिन्दुजस्तो

(पूर्वस्मृति १ : श्लोक १४, पृ. ९)

प्रस्तुत श्लोकमा सिन्दु, इन्दु बिन्दु पदको पटक पटक आवृत्ति भएकोले वृत्यानुप्रास बनेको छ ।

### ४.१४.१.३ अन्त्यानुप्रास

हामी नारी पनि पुरुषझैँ सक्तछौँ गर्न काम
सक्छौँ हामी पनि पुरुषझैँ लोकमा राख्न नाम
हामी आफै पनि प्रगतिपथको सक्तछौँ रोज्न बाटो
साझा नै हुन् पवन वन वा नीर आकाश माटो

(पूर्वस्मृति १ : श्लोक १२, पृ. ९)

यस श्लोकमा काम र नाम, माटो र बाटो शब्द संयोजन हुन जाँदा अन्त्यानुप्रास बनेको छ ।

### ४.१४.१.४ छेकानुप्रास

'माछो-माछो' अनि त सहजै 'भ्यागुतो'झैँ, छकाई
पोखी आशा पछि त सजिलै झन् निराशा दिलाई

तौल्यो मेरो मन-सुमन यो, रामका दाजुभाइ !
लाग्यो साह्रै कुटिल-दिलको खेल तिम्रो मलाई

(चुनौती : श्लोक १५, पृ. ५४)

प्रस्तुत श्लोकमा प्रयुक्त आशा निराशा, मन सुमन पद भिन्न अर्थमा प्रयोग हुँदा छेकानुप्रासको सिर्जना भएको छ ।

## ४.१४.२ अर्थालङ्कार

प्रस्तुत काव्यमा उपमा, रूपक, उत्प्रेक्षा, स्वभावोक्ति अतिशयोक्ति, दृष्टान्त, सङ्कर, अर्थान्तरन्यास आदि अलङ्कारको प्रयुक्ति रहेको छ ।

### ४.१४.२.१ उपमा अलङ्कार

छन् फक्रेका वनकुसुमझैँ आज यी अङ्ग-अङ्ग
दौड्यो विद्युल्लहर कि सरि प्रीतिको यो तरङ्ग
लाग्यो आफैँ कुसुमशरले हानिएझैँ समस्त
आफूभित्रै सृजनजरुवा भेटिएझैँ प्रशस्त !

(आत्म प्रबोधन : श्लोक १०, पृ. ३)

प्रस्तुत श्लोकमा वनकुसुम झैँ फक्रेको विद्युल्लहर प्रीतिको कुसुमबाण जस्तै जरुवा भेटिएझैँ जस्ता नामिक तथा क्रियापदिक उपमा पाइन्छ ।

### ४.१४.२.२ रूपक

नारीआफै सृजन-सरिता-मूलकी स्वच्छ पानी
नारी आफै प्रणय-सुषमा, सभ्यताकी बिहानी
नारी आफै मनुज गरिमा स्नेहकी शैलमाला
नारी आफै भुवनतलकी कष्ट-सङ्घर्ष ज्वाला

(उपसंहार : श्लोक १, पृ. ६१)

प्रस्तुत श्लोकमा प्रयुक्त नारी र सिर्जन सरिता, नारी र प्रणय सुषमा, नारी र भुवनतलकी कष्ट सङ्घर्ष ज्वालाका बीच अभेद रूप आरोपित भई रूपक बन्न पुगेको छ ।

## ४.१४.२.३ उत्प्रेक्षा

जादू हो त्यो कि त मदनकै हो अनौठो उभार ?

(पञ्चवटी २ : श्लोक ३, पृ. ३१)

प्रस्तुत श्लोकमा उपमेय युवकमा उपमान जादू र मदनको सम्भावना देखाइएको हुँदा यसमा उत्प्रेक्षा अलङ्कार भएको देखिन्छ ।

## ४.१४.३.४ स्वभावोक्ति

साह्रै राम्रो अनि रहरिलो हुन्छ है बाल्यकाल
हुन्नन् लिप्सा धन र पदका, द्वेष षड्यन्त्र जाल
छाडी त्यस्तो सरल वयको सौम्य आनी र बानी
आएको हो किन यति कडा दर्दिलो यो जवानी

(पूर्वस्मृति १ : श्लोक १८, पृ. १०)

प्रस्तुत श्लोकमा बाल्यकालीन स्वभाव र जवानीका चञ्चलता र नाजुक अवस्थाको जीवन्त चित्रण गरिएकोले स्वभावोक्ति अलङ्कार बन्न पुगेको छ ।

## ४.१४.२.५ दृष्टान्त

तेलै आश्यक छ जसरी दीप यो बल्नलाई
नारी साथी छ अति जरुरी जिन्दगी चल्नलाई ।

(प्रणय निवेदन : श्लोक १७, पृ. ४३)

यस श्लोकमा दीप जलाउन जसरी तेल आवश्यक हुन्छ त्यसै गरी पुरुषलाई सामाजिक जीवन निर्वाह गर्न नारी साथी चाहिन्छ भन्ने उदाहरण प्रस्तुत हुँदा दृष्टान्त अलङ्कार अभिव्यक्त भएको छ ।

## ४.१४.२.६ सङ्कर

चङ्गाजस्तै किन किन त्यसै उड्न चाहन्छ चित्त
पाङ्ग्राजस्तै प्रणय-पथमा गुड्न चाहन्छ चित्त
हिँड्दो नौला रहर बटुली हेर्न संसार-मेला
आँधी हो वा कि त जलधिको छाल हो बैँस बेला ?

(आत्म प्रबोधन २ : श्लोक १५, पृ. ४)

यस श्लोकमा चङ्गा जस्तै, पाङ्ग्रा जस्तै....... उपमाबोधक प्रयुक्ति, आँधी र समुद्रको छालका रूपमा आरोप, पछि हैन यो त बैंस पो हो कि भन्ने सम्भावना देखिएको हुँदा विभिन्न अलङ्कारको समिश्रण भई सङ्कर अलङ्कार बनेको छ ।

### ४.१४.२.७ अर्थान्तरन्यास

क्वैली बोल्यो कुहुकुहु गरी, गौँथली चिर्बिराए

नाच्दै आयो पवन, रुखका पालुवा फर्फराए

(पञ्चवटी २ : श्लोक ८, पृ. ३३)

यस श्लोकमा कोइलीले गीत गाएको र गौँथली चिरबिराउँदा समर्थनमा पवन चल्न थालेको र पात फर्फराएको देखाइएको छ । यसैलाई नै अर्थान्तरन्यास मानिएको छ ।

## ४.१५ वस्तुविश्लेषण

**शूर्पणखा** खण्डकाव्यको मूल विषयका आधारमा यहाँ त्यसको अध्ययन गरिएको छ । काव्यमा बाल्यवयको सम्झना, प्रणय दर्शन, योग र भोगको द्वन्द्व, महिमा, यौनजन्य मनोभावना, नारीशक्तिप्रतिको आस्था, यौन मनोविश्लेषण, सिर्जना शक्तिका रूपमा नारी, प्रकृति चित्रण, मानवता वाद, यौन चेतनाजस्ता पक्षहरू काव्यको विषयवस्तुका रूपमाआएका छन् ।

### ४.१५.१ बाल्यवयको सम्झना

**शूर्पणखा** खण्डकाव्यमा काव्यनायिका शूर्पणखाले भर्खरै बाल्यकालको सँघार तरेर यौवनावस्थामा पाइला चाल्दै गरेकी छ । पूर्व स्मृतिका रूपमा उसले आफ्नो बाल्यकाललाई सम्झेकी छ । बाल्यकालमा धन र पदका बारे थाहा नहुने, द्वेष, षड्यन्त्र नहुने, जीवन सरल रमाइलो र हरियो हुने कुरा उसले व्यक्त गरेकी छे (पूर्व स्मृति-१ : श्लोक १८) ।

### ४.१५.२ प्रणय दर्शन

काव्यमा प्रणय दर्शनको पक्षलाई सुन्दर ढङ्गबाट अभिव्यक्त गरिएको छ । काव्यकी नायिका शूर्पणखामा किशोर उमेरदखि प्रणय दर्शनको स्थिति तीव्र बनेको छ । शूर्पणखामा पतिको सम्झना, उसको सपनाको युवक र उसबाट राम, लक्ष्मणसँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा गरिएको आग्रहमा प्रणय दर्शन व्यक्त भएको छ (पूर्वस्मृति, श्लोक १३) ।

### ४.१५.३ यौनजन्य मनोभावना

यौवन महत्त्वपूर्ण र सम्वेदनशील अवस्था हो । अस्थिरताका दृष्टिले यसलाई जीवनको आँधी र बेहरीका रूपमा पनि हेरिन्छ । प्रस्तुत खण्डकाव्यभित्र १६ वर्षे तरुण युवती द्वन्द्वयुक्त यौवनको खुलेर अभिव्यक्ति दिइएको छ । यहाँ काव्यकी नायिका शूर्पणखामा भाव एवम् मानसिक शारीरिक संवेगात्मक परिवर्तनसँगै उसमा देखाएका हलचलहरूलाई निकै व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ (आत्मप्रबोधन, श्लोक ५) ।

### ४.१५.४ नारीशक्तिप्रतिको आस्था

प्रस्तुत काव्यमा शूर्पणखाको शक्ति र सामर्थ्यलाई माध्यम बनाएर नारीशक्ति प्रति आस्था व्यक्त गरिएको छ । विधवा नारीले पतिको कामना गर्नु, स्वतन्त्र जीवनशैली चाहनु र राजकीय सुखभन्दा आत्मिक सुख प्राप्तिका लागि दरबार छोड्नु, नारीको नैसर्गिक अधिकारका लागि सचेत हुनु पर्ने कुरालाई जोडतोडका साथ उठान गरिएको छ । यसले नारीले चाहेमा सामाजिक बन्धन तोड्न सक्ने साहस नारीमा छ, सिर्जना र सृष्टिको जिम्मा पनि स्वयम् नारी माथि नै केन्द्रित रहेकाले संरक्षणमा पनि नारी नै सचेतन रहनु पर्ने दृष्टिकोण काव्यमा व्यक्त गरिएको छ । शूर्पणखाले आफ्नो प्रणय प्रस्ताव अस्वीकृत भएपछि रामकुटीबाट रित्तो हात फर्किनु पर्ने बाध्यता भएपछि उसले रामलक्ष्मणलाई युद्धको चेतावनी दिएकी छे । प्रतिशोधका निम्ति ऊ तयार छे । नारी अस्तित्व र अस्मितामाथि भएको हस्तक्षेपलाई ऊ सहन सक्दिन (चुनौति : श्लोक ९) । त्यस्तै यस काव्यमा नारी संवेदनाको

अवमूल्यन हुँदा ऊ चुपचाप नहुने र साहसका साथ पुरुष जातिलाई चुनौति दिन सक्ने नारी शक्तिकी प्रतिमूर्ति देखिएकी छे ।

### ४.१५.५ यौन मनोविश्लेषण

मानिसले चेतन अवस्थमा गरेका सम्पूर्ण क्रियाकलापलाई सञ्चालन गर्ने उसको अर्धचेतन मन नै हो । मानिसमा देखा पर्ने अनेक प्रकारका कुण्ठा असामाजिक यौन अतृप्तिकै कारण तथा उपजहरू हुन् भन्ने मान्यता फ्रायडको छ ।

**शूर्पणखा** खण्डकाव्यमा मनोविश्लेषण पक्ष छ । काव्यमा पात्रगत अवचेतन, मानसिक उदात्तीकरण, उच्चताबोध ग्रन्थीजस्ता अवधारणलाई आधार बनाएर व्यक्ति मनका अभीप्सालाई उजागार गरिएको छ ।

किशोर अवस्थामा शूर्पणखाका मनमा आएका यौनजन्य चञ्चलता, विवाह गर्ने रहर (आत्मा प्रबोधन, श्लोक १-५) यौन भनवनाका उपजहरू हुन् तर विवाह पछिको वैधव्य जीवनले गर्दा उसलाई जीवनभर यौन कामनाका लागि सङ्घर्ष गर्न बाध्य तुल्यायो ( पूर्वस्मृति ३, श्लोक १४) । पूर्वीय सन्दर्भमा सामाजिक मान्यता अनुसार विधवा नारीले पनि यौनेच्छा वा प्रणय चाहना राख्नु अमिल्दो र अस्वीकृत कुरा छ । अनुकूल नहुँदाको स्थितिमा पनि बलजफ्ती त्यसतर्फ प्रवृत्त हुनु चाँही जैविक यौन चाहना र कुण्ठाको स्वाभाविक अभिव्यक्ति रहेको पाइन्छ । ऊभित्र रहेका दमित चाहनाहरू अवचेतन यौन आकाङ्क्षाको उद्घाटनका रूपमा लिन सकिन्छ ।

### ४.१५.६ सिर्जनाशक्तिका रूप नारी

समाजमा नारीहरू सामाजिक र साँस्कृतिक बन्धनमा बाँधिन्छन् । पुरुष जति स्वतन्त्र छ त्यो समाजको संरचना र परम्परित मान्यता र संस्कारका कारणले भएको छ । नारीलाई विभिन्न सीमारेखाहरूले घेरिएको छ । मूल्यका बाँधहरू छन् । आफ्ना चाहना र रहरलाई कैदी बनाई, निर्णय गर्ने अधिकार कुण्ठित छ । यदाकदा अवसर मिले पनि अस्वीकृतिका कारण नारी निरीह बन्न बाध्य छन् । प्रस्तुत खण्डकाव्यमा नारीलाई कुनामा रोएर आफ्नो इच्छा पूर्तिका निमित्त नबस्ने हकी र हठी चरित्रका रूपमा समेत देखाइएको छ । काव्यकी

नायिका अधिकार प्राप्तिका लागि विद्रोह र सङ्घर्ष गर्न समेत सुरिएको देखाइएको छ । नारीले आफ्ना भावना र विचार प्रस्तुत गर्न अथवा आफूभित्रका संवेगको पूर्तिका लागि सङ्घर्ष गर्नुपर्छ । उचित संस्कारको विकास नभइसकेका कारण पुरुषवादी सोचाइ नारी स्वतन्त्रताका बाधकका रूपमा रहेको देखाइएको छ । नारीले सृष्टि बदल्न सक्छन् (उपसंहार, श्लोक १७) । नारीलाई विचलित बनाएमा सृष्टि खलबलिन्छ । त्यसैले नारीलाई घृणा होइन ममता र सम्मान दिनुपर्छ प्रकृतिको सुन्दर रचना सिंगार्न महिला विना सम्भव छैन भन्ने धारणा राखिएको छ (उपसंहार : श्लोक २०) । नारी स्वतन्त्रता परम्परागत सामाजिक संरचना र सोंचको कारण नै पछि परेको हो ।

काव्यकी नायिका शूर्पणखा सामाजिक संरचना र नियम विरुद्ध कदम चाल्ने साहसिक पात्र हो, ऊ सफल त हुन्न तर उसको विद्रोहको स्वर भने उच्च छ । काव्यभित्र ऊ आफ्नो अभीष्ट पूर्तिमा चुकेकी छ । तथापि अस्तित्वको खोजीले चेतनाको मार्ग उसले खुलाएकी छे (प्रत्यागमन श्लोक ६) ।

कविले समाज र सामाजिक संस्कारसँग लड्न एवम् अधिकार र स्वतन्त्रता प्राप्तिका लागि स्वयम् नारी नै अघि बढ्नुपर्ने वास्तविकतालाई यहाँ उद्घाटन गरेका छन् ।

### ४.१५.७ प्रकृति चित्रण

काव्यमा नायिका देश दर्शनमा निस्कने क्रममा प्राकृतिक सौन्दर्यका विविध रोमाञ्चक दृश्यहरूको झलक प्रस्तुत गरिको छ । काव्यमा खेतबारी, वनकुञ्ज, फूलबारी आदि दृश्यावलीहरूको अभिव्यक्ति छ । नायिका बगरबगर दौडने, पानीमा रुझ्ने, पानी भित्रका मोती खोज्ने, रातिसम्म प्रकृतिका काखमा रमाउने प्रसङ्गमा प्राकृतिक सुन्दर पक्ष चित्रित हुन आएका छन् (पूर्वस्मृति २, श्लोक ११) । सुन्दर चौर, बगैंचाजस्ता कुराबाट प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ (देशदर्शन श्लोक १४) ।

### ४.१५.८ मानवतावाद

प्रस्तुत काव्यमा नायिकालाई मानव जीवनका विविध अवसर र चुनौतीको सामना गर्न लगाइएको र धेरै कुरा देखेर, पाएर पनि अझै पाउन बाँकी रहेको अनुभूत गराई

जीवनलाई आशावादी जीवन दृष्टि प्रदान गरिएको छ । विधवा जीवनका कारण अतृप्त कामवासना पूर्तिका निम्ति राम र लक्ष्मणसँग गरिएको प्रणय निवेदन विफल भएपछि जीवनप्रति आशावादी दृष्टिकोण पलाएको र प्रतिशोधका निम्ति उद्धत देखिएकी छे । नायिकाले आफूमात्र अपमानित नभई सम्पूर्ण नारी जाति नै अपमानित भएको, नारी सम्वेदनामाथि ठाडो हस्तक्षेप र खिल्ली उडाएको अनुभूत गरेकी छे (प्रत्यागमन, श्लोक १) । नारीका चिन्तन र मनोभावनाका विविध पक्षमाथि कविका तर्फबाट जुन अभिव्यक्ति प्रकट गरिएको छ त्यसमा मानवतावादी चिन्तन प्रकट भएको छ (चुनौती श्लोक १४) ।

पौराणिक आख्यान र कथा प्रवचनका सन्दर्भमा न्यायोचित ढङ्गले स्पष्ट रूपमा प्रस्तुत हुन नपाएकी नारी शूर्पणखाले यहाँ विनोदीको काव्यकलाका माध्यमबाट न्याय पाएकी छ । समाज र संस्कारले ठगिएकी नारी शूर्पणखाजस्ता नारीप्रति सहानुभूतिशील उनको लेखनी नारीवादी चिन्तनको काव्यिक उपलब्धि हो ।

## ४.१५.९ यौन चेतना

**शूर्पणखा** काव्यमा यौनका विषयमा दुई खाले द्वन्द्व छन् । काव्यात्मक सौन्दर्य र काव्यात्मक उच्चता प्राप्त भएको छ द्वन्द्वका माध्यमले । काव्य नायिका शूर्पणखाका मन-मस्तिष्कमा उब्जिएका विविध परिस्थितिगत भावना बीच तर्क वितर्क, आशा-निराशा, शङ्का-उपसङ्का जस्ता खिचातानीलाई आन्तरिक द्वन्द्व र यसैले काव्यभर नै मुख्य भूमिका खेलेको छ ।

काव्यमा निर्देशित नैसर्गिक प्रवृत्तिको कामेच्छाका पूर्तिका निम्ति राखिएको अभिष्टता नै प्रमुख द्वन्द्व हो (चुनौती, श्लोक : २, ३) । कामातुर शूर्पणखाले रामलाई देख्नु रामप्रति आकृष्ट हुनु, लक्ष्मणबाट फर्काइनु र अन्तमा सीतालाई बाधक ठान्नु काव्यात्मक रूपमा उच्चद्वन्द्वका स्वरूप हुन् । यहाँ शूर्पणखा र राम, शूर्पणखा र लक्ष्मण, शूर्पणखा र सीता बीचको द्वन्द्व नै काव्यमा देखिएको त्रिकोणात्मक द्वन्द्व हो । काव्य प्रारम्भदेखि नायिकाका जीवन उपर परेका ती प्रहारहरू लक्ष्मणले नाक, कान काटिदिने सम्मको बेइज्जत गरेपछि द्वन्द्वले उग्ररूप लिएको देखिन्छ (प्रत्यागमन श्लोक १८) । यसरी काव्यमा असाध्यै प्रताडित नायिका शूर्पणखाको जीवन हेर्दा उसमा व्यग्रता र अशान्ति देखिन्छ । अन्त्यमा मन शान्तिका लागि सीता हरण योजना द्वन्द्वको उत्कर्ष हो (प्रत्यागमन, श्लोक १३) । काव्यको कलात्मकलाई उच्चता प्रदान गर्न विशेष गरी एकालापीय मनोद्वन्द्व नै प्रमुख रहेको छ ।

### ४.१५.१० निष्कर्ष

प्रस्तुत खण्डकाव्य तेह्र सर्गमा फैलिएको छ । प्रत्येकमा शीर्षक विधान गरिएको छ । यसमा कूल २५४ श्लोक छन् । सुरुका सबै श्लोकहरू मन्दाक्रान्ता छन्द र अन्तिमका श्लोकहरू वियोगिनी छन्दका छन् । यसमा आदि, मध्य र अन्त्यको शृङ्खलाको क्रम छ । रामायणकालीन समयकी खलपात्र शूर्पणखाको जीवनमा घटेका घटनाको अभिव्यक्ति छ । शूर्पणखामाथि लागेका लाञ्छनाहरूलाई हटाउन नयाँ सोँच राखेर नारी चिन्तनका पाटा समेल्दै, नारी मर्यादा, मूल्य र संवेदनालाई सम्मान गर्नुपर्ने धारणा काव्यमा व्यक्त गरिएको छ । काव्यकी नायिका शूर्पणखामा राम, लक्ष्मण र सीतासँग त्रिकोणात्मक द्वन्द्वको स्थिति छ । त्यस्तै दनुज वंशका पात्रका रूपमा रावण, विश्रवा, कैकसा, पति आदि पात्रहरू रहेका छन् ।

काव्यमा प्राकृतिक सौन्दर्यको भरपुर प्रयोग छ । खेतबारी, राज्य, जनपद, धनी गरीब, महल, दरबार आदिको उल्लेख पनि पर्याप्त मात्रामा पाइन्छ । सामाजिक आर्थिक अवस्था, युद्ध, युद्ध अभ्यास, ज्ञान विज्ञान, चेतना, आध्यात्म, धर्म, संस्कृति जस्ता कुराहरूको पनि काव्यमा प्रयुक्ति छ ।

काव्यमा सामाजिक विभेद, नारी उत्पीडन, साँस्कृतिक भेद, परम्परित मूल्य मान्यता, नारी सम्वेदना र अधिकारलाई केस्रा, केस्रा रूपमा केलाइएको छ । नारी स्वतन्त्रता, हक, अधिकार प्राप्तिका लागि पुराना मूल्य मान्यतालाई तोड्न नयाँ चेतनाको विकासको अपेक्षा राखिएको छ ।

प्रमुख नारी चरित्र प्रेम, यौन र प्रणय चित्रणको जीवन्तता, थोरै पात्र, एकालापीय कथन पद्धतिले काव्यमा शूर्पणखालाई हठी, विद्रोही, निडर स्वभावकी, परम्परागत, संस्कारगत मूल्य मान्यताका खिलाप उठ्न सक्ने नारी सम्वेदना र मूल्य स्थापना गर्न तत्पर प्रतिशोधी र उद्देश्यमा कटिबद्ध पात्रका रूपमा उभिएकी छे ।

यसमा मन्दाक्रान्ता र वियोगिनी छन्द प्रयोग, शृङ्गार, करुण, भयानक, रौद्र, शान्त जस्ता अलङ्कारको उचित प्रयोग छ । एकालापीय तथा आत्मालापीय वर्णन शैली, श्रुति मधुरता, शब्दगत चमत्कारिकता छ । नारीका यौनजन्य मनोभावनाको सुन्दर ढङ्गले वर्णन गरिएको छ । नारीलाई सिर्जन शक्तिकेन्द्रका रूपमा र नारीत्वको प्रेमको महिमालाई दर्शनकै रूपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ सारसङ्क्षेप

यो शोधपत्र पाँच परिच्छेदमा विभाजित छ । प्रथम परिच्छेद शोत्र परिचयसँग सम्बन्धीत छ । यसमा शोध शीर्षक, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमाङ्कन सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोध विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद :** खण्डकाव्यको सैद्धान्तिक स्वरूप

खण्डकाव्यको सैद्धान्तिक स्वरूप साहित्यको कविता विधा रहेको पूर्वमा भामह, रुद्रट, आनन्द वर्द्धन, विश्वनाथ कालीन समयसम्म आइपुग्दा स्फुट कविता र प्रबन्धकाव्यको मात्र अध्ययन गरेका, मुक्तक, श्लोक, पद्य र फुटकर कविता राखेर प्रवन्धकाव्य भित्रका महाकाव्य र लघु खण्डकाव्यको अध्ययन भेटिन्छ भने पाश्चात्य साहित्यकार डानक्वीज जडको रोमाञ्च रचना (गीतिमय गाथा) हुँदै गोपकाव्य रोमाञ्चकाव्य र लामाकविताको विकसित रूप भेटिएको पाइन्छ । परिभाषाका क्रममा सोमनाथ सिग्द्यालदेखि वासुदेव त्रिपाठीसम्मले खण्डकाव्यलाई कविता विधाको मझौलो आयाम भएको कुनै आख्यानलाई लिइ वा नलिई जीवनका एक अंशलाई बद्व तथा मुक्त भाषिक लय विधानका माध्यमले कथन गरिने रचना हो भन्ने त्रिपाठीको मान्यतामा सहमत पाइन्छ । विभिन्न विद्वान्का विचार मन्थन गर्दा खण्डकाव्यका तत्व कथावस्तु, पात्र विधान, परिवेश, जीवन दृष्टिट, सर्गबद्धता, द्वन्द्व, भाषा शैली, शीर्षकीकरण र रसाभिव्यक्ति आवश्यक तत्त्व हुन् भन्ने देखिन आउँछ । खण्डकाव्यको वर्गीकरणका सन्दर्भमा आख्यान खण्डकाव्य, कोष काव्य र लामो कविता गरी तीन प्रकारका देखिन्छन् । खण्डकाव्य लमाइ र स्थूल गरी भागमा, विषयवस्तुका स्रोत दृष्टिले प्रसिद्ध स्रोत, उत्पाद्य र लोककथा स्रोतमा, विषयवस्तुका आधारमा प्राकृतिक, पौराणिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, सामाजिक, दार्शीनक स्रोत र प्रयोगका आधारमा मुक्त लयात्मक र बद्ध लयात्मक वर्ण मात्रिक, मात्रिक,

वार्णिक गरी तीन प्रकारमा खण्डकाव्यका भेद पाइन्छन् । त्यस्तै रस प्रदान खण्डकाव्य लेखन गर्न सकिने कुरा पनि अध्ययनमा भेटिएको छ । नेपाली खण्डकाव्यको उद्भव, विकास र प्रवृत्तिहरू प्राथमिक, माध्यमिक, आधुनिक समसामयिक गरी चार अध्ययनमा उल्लेख गरिएको छ ।

**तेस्रो परिच्छेद :** नेपाली खण्डकाव्यको विकास क्रम र खण्डकाव्यकार गोविन्दराज विनोदीको आगमन ।

खण्डकाव्य कविता विधाको एक उपविधात्मक स्वरूप हो । पूर्वमा संस्कृत साहित्य शास्त्री विश्वनाथले खण्डकाव्य शब्द प्रयोगमा ल्याएका हुन् । त्यस्तै पाश्चात्य साहित्यशास्त्र डानस्किजज जडले कविताको विकसित स्वरूपलाई मान्यता दिएको पाइन्छ । त्यस्तै नेपाली साहित्यमा खण्डकाव्यलाई कविता विधाकै मझौलो आयामको उपविधागत भेदका रूपमा लिइन्छ ।

खण्डकाव्यका तत्त्वका सम्बन्धमा पनि विद्वनहरूका आ-आफ्नै मत मतान्तर भए पनि कथावस्तु, पात्र वा चरित्र, देशकाल, वातावरण, परिवेश, छन्द, लय, कथन पद्धति, द्वन्द्व, रस अलङ्कारलाई नै मान्यता दिइएको छ । खण्डकाव्यको वर्गीकरणका सन्दर्भमा सुखान्त कथा वस्तु, संयोजन, विषयवस्तु, बद्धमुक्त, रस शीर्षक आदिलाई वर्गीकरण आधार मानिएको छ । नेपाली खण्डकाव्यको उद्भव र विकास हेर्दा प्राथमिक कालमा चरित्र सम्बन्धी विषयवस्तु, माध्यमिक कालमा शृङ्गारिक, आधुनिक काल्, परिष्कारवादी, स्वच्छन्दतावादी प्रगतिवादी हुँदै प्रयोगवादी र समसामयिक धाराबाट अगाडि बढेको छ ।

नेपाली साहित्यका क्षेत्रमा चिरपरिचित खण्डकाव्यकार गोविन्दराज विनोदी कविता, बाल साहित्य, गजल, समालोचना, समिक्षा जस्ता विविध विधामा आफूलाई बढी समर्पित गरेका छन् । गोविन्दरजा विनोदीको कविताकाव्य यात्रालाई हेर्दा २०२१ सालबाट कविता क्षेत्रमा प्रवेश गरेका विनोदी २०४७ सालमा कविता सङ्ग्रह **मेरो वर्तमानता**बाट देखिन पुगेका छन् । वि.सं. २०६९ सम्म आइपुग्दा ८ ओटा कविताकृति प्रकाशन पश्चात् २०७१ सालमा आइपुग्दा **शूर्पणखा** खण्डकाव्य प्रकाशनमा आएको छ ।

प्रस्तुत खण्डकाव्यको अध्ययनबाट **शूर्पणखा** खण्डकाव्यका काव्यकार गोविन्दराज विनोदीका खण्डकाव्यगत प्राप्तिका बारेको मूल्याङ्कन/निष्कर्ष यसप्रकार देखिन आउँछ :

**चौथो परिच्छेद : शूर्पणखा** खण्डकाव्यको अध्ययन

यो परिच्छेद **शूर्पणखा** खण्डकाव्यको अध्ययनसँग सम्बन्धित छ । काव्यमा रामायणकी खलपात्र शूर्पणखाको बाल्यकाल, किशोरवय, विवाह, वैधव्य, यौनकुण्ठा, यौन कुण्ठाले निस्केको परिणाम, पारिवारिक, सामाजिक विद्रोह, यौनेच्छा पूर्तिका निम्ति पति कामना गर्दै हिँडेकी नायिका शूर्पणखाले वनवासी राम र लक्ष्मणसँग गरेको प्रणय प्रस्ताव, अनुनय विनय र त्यसबाट तिरस्कृत भएपछि जन्मेको विद्रोह र प्रतिशोध महत्वपूर्ण र गम्भीर छ ।

प्रस्तुत काव्यमा नायिका शूर्पणखाका माध्यमबाट नारीमनका सम्वेदना स्वतन्त्रता प्राप्तिका लागि गरेको सङ्घर्ष, नारी मूल्य र नैसर्गिक अधिकार सम्बद्ध विषयवस्तुलाई काव्यको विषय बनाइएको छ । प्रस्तुत खण्डमा सामाजिक सांस्कृतिक विभेद, नारी स्वतन्त्रता, नारी सम्वेदना, नारी उत्पीडन, नारीका नैसर्गिक अधिकार, सांस्कृतिक विद्रोह र नवीन संस्कारका सांस्कारिक चाहनाको स्थापना गर्न नारी मूल्य र मान्यता माथि जोडिएका छन् । समाजमा व्याप्त पुरातन सोचको अन्त्य गरी नवीन सभ्यतालाई शुभारम्भ गर्न आग्रह गरिएको छ ।

यो खण्डकाव्य समसामयिक खण्डकाव्य धारामा नयाँ आयाम हो । यसमा एउटी विधवा नारीले आफ्नो यौन चाहना पूर्तिका लागि गरिएको सङ्घर्षपूर्ण जीवन र मानसिक उत्पीडनका साथै सामाजिक रूपमा नारीलाई प्रदान गर्नुपर्ने स्वतन्त्रता र नैसर्गिक अधिकार प्राप्तिका लागि गरिएका वैयक्तिक प्रयासहरूको अभिव्यक्ति छ ।

नारीका महिमा, नारी मूल्य र नारी अस्तित्वसँग जोडिएका धेरै विषयहरूले नारीलाई समाजले गरिनुपर्ने सामाजिक संस्कार र सांस्कृतिक मूल्यको स्थापनाका लागि नायिकाले गरेका प्रयास अत्यन्त भद्र र शालीन रूपमा प्रस्तुत गरिएका छन् । अतः यो खण्डकाव्य नेपाली मौलिक र नवीन खण्डकाव्यको आधार स्तम्भका रूपमा स्थापित हुनेछ ।

यस खण्डकाव्यमा करुण रस अङ्गी रस र अन्य रस अङ्ग रसका रूपमा अभिव्यक्त छन् । तेह्र सर्गमा विभाजित **शूर्पणखा** काव्यमा कुल २५४ श्लोक छन् । पहिलो देखि बाह्रौं सर्गसम्म शुरुका सबै श्लोक मन्दाक्रान्ता छन्दका अठार अठार श्लोक र अन्तिमका चाहिँ वियोगिनी छन्दका २६ श्लोक छन् । यसभित्र सूर्योदय, सन्ध्या, दिवा, प्रभात्, गाउँशहर, जनपद, नगर, महल, प्रकृति जस्ता सौन्दर्य आदि परिवेको आलङ्कारीक वर्णन छ । नायिकाको नामबाट कृतिको नाम करण गरिएको छ । समसामयिकतालाई अनुसरण गर्दै सामाजिक आञ्चलिकता, स्थानीयता, प्रकृतिप्रेम, रतिरागात्मकता, देशभक्तिको भावनालाई आधुनिकता काव्यगत प्रवृत्ति हुन् । काव्यान्तमा नारी स्वतन्त्रता, सम्वेदना र नारी अधिकार प्रति समाज र संस्कारले खेल्न पर्ने भूमिका, नारीको महिमा आदर्श स्वतन्त्रतालाई नयाँ ढङ्गले सोच्नुपर्ने तर्क प्रस्तुत गरिएको छ । नारीका मूल्य मान्यताले समाजमा उच्च मर्यादित स्थान पाउनुपर्ने धारणा राखिएको छ ।

**पाँचौं परिच्छेद :** उपसंहार

यस परिच्छेद उपसंहारसँग सम्बन्धित छ । यसमा पहिलोदेखि चौंथो परिच्छेदसम्मको सारसङ्क्षेप प्रस्तुत गरी मूल्यांकन र निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

## ५.२ मूल्याङ्कन र निष्कर्ष

कवि गोविन्दराज विनोदीको **शूर्पणखा** खण्डकाव्यको अध्ययनका आधारमा भेटिएका मूलभूत विशेषताहरूको सारसङ्क्षेप निम्नानुसार प्रस्तुत गरिएको छ :

- आफूले अध्ययन, मनन र चिन्तनका आधारमा कुनै कृति विशेष तथा कृतिका पात्र विशेषको जीवन सङ्घर्षबाट प्रेरित भई सामाजिक न्याय दिलाउन, सामाजिक परिवर्तनका निम्ति सङ्घर्षशील नेतृत्व लिन आफ्ना अधिकारका लागि आफै जागरुक हुनुपर्ने परिवर्तनकारी प्रेरणाले खण्डकाव्य रचना गर्नु,

- पौराणिक विषयस्तु तर आधुनिक चिन्तनसँगै, समाजमा अपहेलित तथा पिछडिएका र लुप्त विषयवस्तुको खोजी गर्नु, सामाजिक यथार्थ र ऐतिहासिक वा काल्पनिक रङको प्रयोगले आदर्शवादी चिन्तनको प्रस्तुति गर्नु,
- पात्र विशेष चारित्रिक विशिष्टता झल्किने गरी शीर्षक चयनमा सार्थकता भेट्नु,
- कथावस्तुको माग अनुरूप लामा छोटा घटनाचक्रको सङ्गठित र जीवनको एकांशलाई प्रतिबिम्बित गर्ने गरी कथा वस्तु निर्कोल गर्नु,
- कृतिभित्रका मञ्चीय पात्रको अत्यन्त न्यून प्रयोग गर्नु तथा प्रतिनिधिमूलक पात्र छनौट गर्नु,
- प्राकृतिक, आर्थिक, शैक्षिक, साँस्कृतिक र सामाजिक परिवेशको स्वभाविकताका साथ सजीव चित्रण सम्भव पार्नु,
- आत्मालापीय संवाद शैलीमा सीमित पात्रीय कलात्मक प्रस्तुति दिनु,
- सामाजिक आदर्श, मूल्य मान्यता, नारी सम्बद्ध नैसर्गिक अधिकार, संस्कारगत पुराना मूल्यमान्यता बीचको द्वन्द्वलाई समेट्नु र परिवर्तनको लागि सङ्घर्ष गर्नुपर्ने तथ्य औँल्याउनु,
- केही पुराना र केही नवीन सोचका मूलधारमा बग्दै सामाजिक सत्य तथ्य विषयवस्तुसँग पौराणिक विषय उठानलाई मिश्रित गराई दुरदर्शी र निर्भीक विचार प्रकट गरी नारी सचेतना र नारी आदर्शको मूल्य स्थापना गर्न प्रोत्साहन दिनु,
- रस विधान सचेतताको ख्याल गरी स्वभाविक स्वच्छन्दतामा रम्नु,
- खण्डकाव्यीय सर्ग योजना सम्बन्धि पुरानो मान्यतालाई खुकुलो पारी नयाँ आयाम र स्वरूप निर्धारण तर्फ अग्रसर हुनु,
- छन्दप्रिय कवि भएकोले प्रभावमय लय ढाँचाको प्रयोग र खण्डकाव्यान्तमा छन्द परिवर्तनको नयाँ आयाम निर्धारण गर्नु,
- कतै आत्मालापीय शैली, कवि निबद्ध प्रौढोक्ति र वर्णन शैली, कवि प्रौढोक्ति कथन पद्धतिको प्रयोग गर्नु,

- कलात्मक रूपमा विम्बप्रतीकको प्रयोगमा जीवन जगत्का विषय सम्बद्ध देखिनु,
- कृतिव्यापी अलङ्कार, शब्दालङ्कार, अनुप्रास प्रयोगमा विशिष्टता र सशक्तता भेटिनु,
- वर्णनात्मक र संवादात्मक शैली प्रयोग, काव्यगत सुबोध्य, सौन्दर्य, प्रौढ प्राञ्जल र परिष्कृत भाषा, पद्यलयमा मुग्धता प्रदान गर्नु,

कवि विनोदीका खण्डकाव्यगत प्रवृत्ति नियाल्दा उनी विशेषतः यथार्थवादी उद्देश्य, भएका श्रेष्ठतम विचारक, परिष्कृत र परिष्कारवादी, आदर्शवादी, प्रगतिवादी, स्वच्छन्दतावादी खण्डकाव्यकारका रूपमा देखा पर्छन् ।

# सन्दर्भ सामग्री सूची

# सन्दर्भ सामग्री सूची


अतिथि, श्यामजी (२०७१), *नारीका सफल रूप : शूर्पणखा खण्डकाव्य*, **चितवन पोष्ट**, वर्ष १८, अङ्क २२३, पृ. ३ ।

अधिकारी, कोमलनाथ (२०२३) (अनु.), **साहित्य दर्पण**, काठमाडौं : रोयल नेपाल एकेडेमी ।

अधिकारी, लीला ढुङ्गाना (२०७१), *शूर्पणखाको पुनर्जन्म*, **अक्षरयुग**, वर्ष १, अङ्क १, नवलपरासी : एस.पि.एम. कलेज ।

आचार्य, कृष्णप्रसाद (२०६४), **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठमाडौं : क्षितिज प्रकाशन ।

उपाध्याय, केशवप्रसाद, (२०४९), **साहित्य** (पाचौँ संस्करण), ललितपुर : साझा प्रकाशन ।

———————— (२०६१), **पूर्वीय साहित्य सिद्धान्त** (चौथो संस्करण), ललितपुर : साझा प्रकाशन ।

खनाल, नारायणप्रसाद (२०७१), *प्रकाशकीय*, **शूर्पणखा**, गोविन्दराज विनोदी, नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

गैरे, ईश्वरीप्रसाद (२०६०), **आधुनिक खण्डकाव्य र महाकाव्य**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

गौतम, लक्ष्मणप्रसाद (२०७१), *मिथकीय काव्य परम्पराको जीवन्त काव्य*, भूमिका **शूर्पणखा**, गोविन्दराज विनोदी, नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

त्रिपाठी, वासुदेव र अन्य (२०६०), **नेपाली कविता** भाग ४, ललितपुर : साझा प्रकाशन ।

नेपाल, शर्मा वसन्त कुमार (२०६०) (सम्पा.), **नेपाली शब्दसागर**, तेस्रो संस्करण, काठमाडौं : भाषा पुस्तक भण्डार

पौडेल, टङ्कप्रसाद (२०६०), **गोविन्दराज विनोदीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस ।

पौडेल, महेश (२०६९), *विभिन्न वादहरूका स्पर्शमा नारीवाद*, **गरिमा**, वर्ष ३०, अङ्क ७, पूर्णाङ्क ३५५, असार ।

पौडेल, विष्णुप्रसाद (२०६९), **नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप**, पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

पौडेल, हरिप्रसाद (२०६७), **उत्तमकृष्ण मजगैयाको खण्डकाव्यकारिता**, अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस ।

व्यास, निर्मोही (२०७१), *उत्कृष्ट काव्य कृतिका बारेमा,* **शूर्पणखा**, (भूमिका), गोविन्दराज विनोदी, नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

नेपाल, वसन्तकुमार शर्मा (सम्पा) (२०६१), **नेपाली शब्द सागर** (तेस्रो संस्करण), चाबहिल काठमाडौं : साझा पुस्तक भण्डार ।

शर्मा, बालचन्द्र (सम्पा) (२०५७), **नेपाली शब्दकोश** (द्वितीय प्रकाशन), चावहिल, काठमाडौं : सृष्टि प्रकाशन ।

श्रेष्ठ, कृष्णादेवी शर्मा, (२०७१), *कवि गोविन्दराज विनोदी र नारीवादी समालोचना,* **सगुन**, बाग्लुङ : गुप्तेश्वर पर्वत बहुउद्देश्यीय पुस्तकालय, वर्ष १७, अङ्क १९, पृ. ।

सापकोटा, पीताम्बर (२०६३), **कुमारी शोभाको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., भाषा शिक्षा केन्द्रीय विभाग, काठमाडौं ।

सिग्द्याल, सोमनाथ (२०२८), **साहित्य प्रदीप** (दो. संस्करण), काठमाडौं : पुस्तक संसार ।